# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

मंसीर पूर्णिमा



बुद्धको कपिलवस्तु आगमन

वर्ष- १५ अङ्क- ८ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

DHARMAKIRTI

Downloaded from http://www.dhamma.digital

# श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी

## संघनायक भिक्षु शाक्यानन्द महास्थविरको

## दुःखद् निधनमा शोक संतप्त

## भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूलाई

## हार्दिक समवेदना ।

राजदरवार काठमाडौं
नेपाल

मिति २०५४/७/११/२

**नोटः-**

"अनागारिका, अनगारिका, गुरूआमा र भिक्षुणी" का बारेमा धर्मकीर्तिले आफ्नो दृष्टिकोण गतांकमा प्रकाशित गरीसकेको छ। एउटा कौतुहलको विषय के भने आनन्दभूमि बौद्ध मासिक बर्ष २५ अंक ७ को पेज नं. १९ मा "दिवंगत श्रद्धेय संघनायक भिक्षु शाक्यानन्द महास्थविरको" निधनमा "श्री ५ महाराजाधिराज तथा श्री ५ वडामहारानी" मौसूफहरूबाट पठाइबक्सेको हार्दिक समवेदना पत्र छापिएको छ। 'धर्मकीर्ति' लाई पनि समवेदना पत्रको नक्कल प्राप्त भए अनुसार माथि छापिएको पत्रमा स्पष्ट रूपमा "भिक्षु, भिक्षुणी, उपासक तथा उपासिका" उल्लेख गरिएको छ। तर आनन्दभूमिमा मात्र "भिक्षु, अनगारिका, उपासक तथा उपासिका" कसरी हुन गयो ? कतै आनन्दभूमिले भिक्षुणी शब्द परिवर्तन गरी पुर्वाग्रह प्रदर्शन गरेको हो कि ? कसैबाट परिवर्तन गरिएको हो ? राजदरबारबाट प्राप्त पत्रमा यसरी शब्द नै परिवर्तन कस्ले, के हैसियतले परिवर्तन गरेको हो ? आनन्दभूमिले आफै वा सम्वन्धित पक्षसंग सोधपूछ गरी स्पष्टीकरण दिनै पर्छ भन्ने धर्मकीर्ति र धर्मकीर्तिका पाठकहरूका माग रहेको सहर्ष जानकारी गराउँदछु।

"धर्मकीर्ति"

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित

व्यवस्थापक
चिनीकाजी महर्जन

सम्पादक
भिक्षुणी वीर्यवती

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन- २५५९६०, २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
भिक्षुणी धम्मवती

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २२०४६६

बुद्धसम्वत् २५४१
नेपालसम्वत् १११८
इस्वीसम्वत् १९९७
बिक्रमसम्वत् २०५४

विशेष सदस्य रु. १०००/- वा सो भन्दा बढी
वार्षिक रु. ५०/-
यस अङ्कको रु. ५/-

DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

December 1997

| वर्ष- १५ | अङ्क- ८ | योमरिपुन्ही | पुष २०५४ |
|---|---|---|---|




★ मूर्खहरूको धारणामा चिरकालदेखि यो घुसेको छ कि "ब्राम्हण जन्मबाट नै हुन्छ," तर ज्ञानी विद्वान मानिस यसो कदापि भन्दैनन् कि जन्मँदै ब्राम्हण हुन्छन् ।

★ ★ ★

★ साधुहरूको भेष धारण गरेर संघमा जबर्जस्ति पस्न आउने जो धृष्ट भिक्षु, गृहस्थहरूको अपकीर्ति फैलाउँछ र जो मायावी, असंयमी तथा ढोंगी भएर पनि साधुको रूपमा दुनियाँलाई ठगिहिंड्छ, त्यसलाई मार्गदूषक भिक्षु भन्दछन् ।

★ ★ ★

★ जुन भिक्षुले आफ्नो जवानीपनमा नै बुद्धको शासन (बुद्धधर्म) मा योग दिन्छ, उ यो विश्वलाई यसप्रकार प्रकाशित गर्दछ, जसरी बादलबाट मुक्त चन्द्रमा । - धम्मपद

Downloaded from http://www.dhamma.digital

## कृतज्ञता ज्ञापन

**श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानीबाट** नेपालको जेठो भिक्षु संघनायक शाक्यानन्द महास्थविरको निधनमा शोक समवेदना सन्देश व्यक्त भएकोमा मौसूफ सरकारमा अखिल नेपाल भिक्षु महासंघले सविनय कृतज्ञता ज्ञापन गरेको छ। अखिल नेपाल भिक्षु महासंघबाट परमपूज्य सोमदेच संघराजा फ्रा. ञाणसंवर सकल महासंघपरिणायकमा नेपाल भिक्षु संघलाई धर्म संवेगका साथ धैर्य प्रदान गर्नुभएकोमा सविनय अभिवादन प्रकट गरेको छ। साथै प्रधानमन्त्री श्री सूर्यबहादुर थापा, प्रतिपक्षी दलका नेता एवं एमालेका सभापति श्री मनमोहन अधिकारी, नेपाली कांग्रेसका सभापति पूर्व प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइराला, म्यान्मार र थाइलैण्डका राजदूतहरू श्रीलंकाका चार्जडे अफियर्स एवं विभिन्न संघ संस्था र महानुभावहरूमा पनि अखिल नेपाल भिक्षु महासंघबाट कृतज्ञता ज्ञापन गरेकोक छु।

उपाध्यक्ष, अ.ने.भि.महासंघ

## मान (सत्कार)

✍ **माधवी यशोधरा**

मान मर्यादा यक्को दयुवं ।
खनेमदेक अभिमान दै वे यो ॥
द्वेष पासा ल्यू ल्यू वया: ।
शान्त भाव तापाका छ्वे यो ॥
अहं मम भाव वया: ।
सकसितं तुच्छ भावते यो ॥
गुण धर्म स्वैगुं लोमना ।
सर्वे सर्वा थ:हे भापि यो ॥
अर्ति बुद्धि स्वैगुं मय्या: ।
निर्वाण मार्गे बाधा जूवने यो ॥
मान मर्यादाय् भुले ज्वी मज्यू ।
होस छखेलाना बेहोस ज्वी यो ॥

■

## जि धयाम्ह संघर्ष याइम्ह

✍ **आरती रंजीत**, पद्म सुगन्ध विहार

धात्थें नं जि धयाम्ह दुगु हे मखु ,
बेहोश जुलकि व भूतं छ्यों ल्होना हइ
होशे वलकि जि धयाम्ह तनावनीगु ।
जि धयाम्ह मदेके फतकि भिं जुइ ॥
हे पासापिं ! जि धयाम्हसित लिकया छो ।
अले संघर्ष याइम्हसित नं बांलाक हे लिकया छो ॥
प्रज्ञा व करुणा जक ल्यंका ति ।
थ:गु कर्त्तब्य बांलाकि थुलि हे ख: ॥

■

## श्रद्धाञ्जली

✍ **हरिकृष्ण श्रेष्ठ**, धरान-१२

घरबार छोडी जन्म देश छोडी ।
आयौ तिमी भिक्षु युनाताका नावातामे ॥
नेपाल देश लाई विश्वमा चिनाउन ।
गौतम बुद्धको कृती झल्काउन ॥

सल्लाह गरे सुझाव लिए ।
निस्कर्षमा पुगी जग्गा उपलब्ध गरे ॥
बुद्धको स्तूप बनाउन कम्मर पनि कसे
छिटो र छरितो संग गर्न जिम्मा आफैलिए

कामदारीहरूलाई ज्याला आफै वाट्थे ।
काम कुरा आफै बसी गर्न लाउथे ॥
लोभी हो की दाहा गर्ने हो केहि थाह छैन ।
असार १ गते रातको समय केही डाका भित्र पसे ॥

लछार पछार गरे दु:ख दिए ।
निर्ममता संग गोली ठोकी हत्या गरे ॥
कस्तो कर्म कस्तो धर्म बुद्धको जन्मभूमिमा आइमरे ।
उहांलाई नेपाली जनताहरूले हृदयदेखि श्रद्धाञ्जली व्यक्त गरे ॥

आत्मा शान्ती रहून् उहाँको ।
महा निर्वाण प्राप्त रहोस् ॥
म धरान बासीको तर्फबाट ।
श्रद्धाञ्जली व्यक्त गरें ॥

■



Downloaded from http://www.dhamma.digital

# बुद्धको कपिलवस्तु आगमन

✍ : बुद्धदास भिक्खु
*भावानुवादक:* **भिक्षु विपस्सी धम्मारामो**

"भगवान् बुद्धले सम्बोधि लाभ गरिसक्नुभएर अहिले राजगृह नगरमा बस्नुभएको छ ।" भन्ने खबर सुनेर राजा शुद्धोदनले कालूदायी भन्ने कर्मचारीलाई भगवान् बुद्धकहाँ पठाउनुभयो । कालूदायी भगवान् बुद्धका पहिलेका मनपर्ने साथी हो । कालूदायीले, राजा शुद्धोदनले आफू मर्नअगावै पुत्रको मुख हेर्ने इच्छा गरेको कुरा भगवान् बुद्धलाई बिन्ती गरे । भगवान् बुद्धले राजपिताको इच्छा पूरा गर्न कपिलवस्तु जान स्वीकार गर्नुभयो । उचित समय भएपछि भगवान् बुद्ध चारिका गर्दै कपिलवस्तुतिर लाग्नुभयो ।

केही दिनपछि भगवान् बुद्ध आफ्ना श्रावकहरूसँग कपिलवस्तु पुग्नुभयो । त्यहाँ वहाँ निग्रोधाराम भन्ने बगैंचामा बस्नुभयो । राजा शुद्धोदनले वहाँ तथा भिक्षुसंघका लागि प्रबन्ध गरिदिएको यो स्थान नगर बाहिर पर्दछ । भोलिपल्ट बिहान वहाँ भिक्षुसंघका साथ अघि पछि र अन्त झैं कपिलवस्तु नगरको सडकमा पनि लहरै भिक्षा माग्न जानुभयो । यसलाई देखेर कुनै व्यक्तिले राजा शुद्धोदनलाई जाहेर गऱ्यो । राजाको पुत्र भएर पनि भगवान् बुद्धले दुनियाँसँग भिक्षा माग्नुभएकोले राजा शुद्धोदनको चित्त बुझेन ।

अनि राजा शुद्धोदन तुरन्त रथ हाँक्न लगाई बुद्धसँग भेट्न जानुभयो। वहाँले बुद्धलाई हातमा भिक्षापात्र लिई भिक्षुसंघका साथ भिक्षा माग्दै हिँड्नुभएको देख्नुभयो । भगवान् बुद्धका पात्र पक्वान्नले भरिएको थियो । जनताहरूले भारी सम्मानका साथ भिक्षा दान दिइरहेका थिए । तर पनि राजालाई यो कुरा चित्त बुझेन । किनभने वहाँलाई लाग्यो, राज खानदानका भएर बुद्धले यसरी घरघर भिक्षा मागीखान सुहाउँदैन । यसबाट आफ्नो राज खानदानको इज्जत रहेन ।

राजा शुद्धोदन भगवान् बुद्धको नजिक जानुभयो । अनि अप्रसन्नता देखाएर भन्नुभयो- "पुत्र ! यही हो र मैले असल खबर पाएको? यसरी मागीखानलाई दरबार छोडी गएको हो ? तिमी राजाका पुत्र हौ । तिमी यो राज्यका अधिकारी हौ । तिमीले आफ्नै जनतासँग भिक्षा मागेर हाम्रो इज्जत लुटायौ। यसरी मगन्तेले झैं माग्दै हिँडेको कुरो हाम्रो खानदानमा कहिले पनि भएको थिएन ।"

भगवान् बुद्धले अप्रसन्नता देखाएका आफ्ना पिता राजा शुद्धोदनलाई भन्नुभयो- "महाराज ! मैले साँच्चिकै मेरो परम्परा अनुरूप नै गरेको हूँ ।" राजाले तुरन्त भन्नुभयो- "मलाई याद भए अनुसार हाम्रो राजवंशका कसैले पनि यसरी भिक्षा मागी खाएको छैन ।" अनि भगवान् बुद्धले शान्तपूर्वक भन्नुभयो- "भो महाराज ! यो कुरो पनि ठीक छ । तर यहाँ मैले लौकिक कुल गोत्रको कुरा गरेको होइन । अब त तथागत सम्यक् सम्बुद्धहरूका परम्पराका भइसकेको छ ।"

तथागत भन्नुको मतलब बुद्ध नै भनिएको हो । तथागतले परम्परा अनुरूप गर्नुभएको भनेको मतलब पहिलेका बुद्धहरूले गर्नुभएको जस्तै भनेको हो । जनतालाई दया राखी यसरी भिक्षाटन गर्ने काम पहिलेका सबै भगवान् बुद्धहरूबाट गरिएको थियो । यो वहाँहरूका लागि योग्य तथा उचित थियो । अहिले तथागतले पनि त्यस्तै गर्नुभएको हो । अनि पछि शुद्धोदन राजालाई भगवान् बुद्धले धर्मका कुरा पनि सुनाउनुभयो । अनि मात्र शुद्धोदन राजाको चित्त बुझ्यो । त्यसपछि राजाले भगवान् बुद्धबाट पिण्डपात्र मागिलिई भगवान् बुद्ध प्रमुख भिक्षुसंघलाई दरबारमा भिक्षा ग्रहण गर्न निमन्त्रणा गर्नुभयो ।

सम्यक् सम्बुद्ध कपिलवस्तुस्थित राजा शुद्धोदनको दरबारमा जानुभयो । राजाले चढाएको स्वादिष्ट भोजन गरिसक्नुभएपछि भगवान् बुद्धले धर्मदेशना गर्नुभयो । आफूले बोधिवृक्षमुनि पाएको दुःखबाट मुक्तिका ज्ञानको उपदेशद्वारा सबैजनालाई सन्तुष्ट पार्नुभयो । भेला भएका भगवान् बुद्धका ज्ञाति बन्धुहरूले आआफूले सुनेको धर्मका कुराहरूलाई जीवनमा उतार्ने प्रण गरि सबैजना त्रिरत्नका शरणमा गए ।

यशोधरादेवी पति वियोगबाट धेरै मर्माहित भएकी हुनाले भगवान् बुद्धको दर्शन गर्न आउन सकिनन् । अरूहरूले जस्तै धर्मदेशना सुन्न पनि आउन सकिनन् । बुद्ध भगवान् आफै राजा शुद्धोदनका अनुरोध अनुसार यशोधरादेवीलाई दया राखी दर्शन दिन जानुभयो । राजाले भगवान् बुद्धका समक्ष यशोधरादेवीका असल गुणहरूको बखान गर्नुभयो । भगवान् बुद्धको दर्शन तथा धर्मदेशना सुन्न पाएर तिनी प्रफुल्लित भइन् । जीवनभर धर्मको आचरण गर्ने पनि निर्णय गरिन् ।

अर्कोदिन भगवान् बुद्धले आफ्नी सानीआमाका तरफका भाइ नन्दलाई भिक्षु बनाइदिनुभयो । राहुल कुमारलाई पनि बुद्ध शासनमै प्रथम हुनेगरी श्रामणेर बनाइदिनुभयो । यस बाहेक अझ कपिलवस्तुका अरू-



Downloaded from http://www.dhamma.digital

अरू युवक कुमारहरू पनि भगवान् बुद्धकहाँ पव्रजित हुन आए । भगवान् बुद्ध कपिलवस्तुबाट हिँडिसक्नु हुँदा पनि ६ जना युवकहरू वहाँलाई पछ्याउँदै भिक्षु बन्न आए । उनीहरू हुन्:- १. भद्दिय, २. अनुरुद्ध ३. भग्ग, ४. किम्बिल ५. आनन्द र ६. देवदत्त ।

भगवान् बुद्ध यी कपिलवस्तुका भिक्षुहरूलाई सँगै लिई फेरि एकचोटि कफिलवस्तुमा आउनुभयो । यसपटक राजा शुद्धोदन साह्रै बिरामी पर्नुभएकोले दर्शन दिन आउनुभएको थियो । पुत्रको दर्शन गर्न पाएकोले राजाको रोग केही हलुको भयो । सबैजनाले राजा निको हुने आशा गरेका थिए । तर उमेर ढलिसकेकोले रोगलाई जित्न सकिएन । दुई-तीन दिनपछि राजा शुद्धोदन झन चर्को भयो । अन्ततः सबैलाई दुःखमा पारी राजा स्वर्ग हुनुभयो ।

आफ्नो पति स्वर्ग भएपछि सिद्धार्थलाई दूध ख्वाइकन हुर्काउने सानीआमा महाप्रजापति गौतमीलाई पनि दरबारमा बस्न मन लागेन । उनी आफ्ना पतिको मृत्युले अति दुःखित थिइन् । अनि धार्मिक जीवन बिताउने इच्छा भएकोले आफ्ना सहचारिणीहरूका साथ दरबारबाट निस्केर भगवान् बुद्धकहाँ गइन् ।

महाप्रजापति गौतमीले भगवान् बुद्धसँग "महिलाहरूलाई पनि पुरुषहरूले जस्तै नै भगवान् बुद्धबाट नीति निर्देशन पाई उपदेश सुनी बस्न पाउँ" भनी प्रार्थना गरिन् । भगवान् बुद्धले यसलाई तीनपटकसम्म अस्वीकार गर्नुभयो । भगवान् बुद्धले 'यस्तो इच्छा नगर' भनी प्रतिषेध गर्नुभयो । यसले गर्दा प्रजापति गौतमी तथा सँगै आएका महिलाहरू साह्रै दुःखमानी रोए ।

राजा शुद्धोदनको अन्तिम संस्कार सिद्धिएपछि भगवान् बुद्ध कपिलवस्तुबाट हिँड्नुभयो । चारिका गर्दै क्रमशः वैशालीमा पुग्नुभई त्यहाँको महावनमा बस्नुभयो । महाप्रजापति गौतमी पनि केश मुण्डन गराई गेरुवा-वस्त्र पहिरी सखीहरूका साथ हिँडेर धेरैदिन बिताई भगवान् बुद्ध बस्नुभएको ठाउँ महावनमा आइपुगिन् ।

लामो बाटो हिँड्नाले महाप्रजापति गौतमी सहित ती महिलाहरूका खुट्टा सुन्निएका थिए । जीउभरि धूलो जमेको थियो । उमेरले बूढी भइसकेकी महाप्रजापति गौतमी भगवान् बुद्धको विहारको ढोकानिर सुँक्क सुँक्क रोई उभिइरहिन् । भिक्षु आनन्दले वहाँलाई देखेर किन यसरी दुःखमानी उभिईबसेकी भनेर सोध्नुभयो । अनि गौतमीले जवाफ दिइन्- "भन्ते आनन्द ! भगवान् बुद्ध महिलाहरूलाई भिक्षुणी बन्ने अनुमति दिनुहुन्न । मलाई



गौतमी बुद्ध विहार ढोकानिर रोई उभिइरहिन्

भने अरूथोक गर्न पटक्कै मन छैन । भिक्षुणी नै हुन चाहन्छु । अनि किन नरुने त ?"

भिक्षु आनन्दले भन्नुभयो- "हे गौतमी ! यदि कुरो यस्तो हो भने एकछिन यहीं पर्ख । मैले भगवान् बुद्धसँग यसबारेमा बिन्ती चढाउनेछु ।" भिक्षु आनन्द यसरी आश्वासन दिएर जानुभयो । अनि आनन्द भगवान् बुद्धकहाँ पुगेर महिलाहरूलाई भिक्षुणी बनाउन अनुरोध गर्नुभयो। त्यसबेला भगवान् बुद्धले आनन्दलाई यस्तो भन्नुभयो- "आनन्द ! यस्तो इच्छा नगर । स्त्रीहरूलाई भिक्षुणी बनाउनको लागि तिमी मलाई जोड नगर ।"

तर आनन्दले आफ्नो कोसिस छोड्नु भएन । बारम्बार अनुरोध गरिरहनुभयो । तेस्रो पटकसम्म पनि भगवान् बुद्धले अस्वीकार गर्नुभयो । अनि भिक्षु आनन्दले सोच्नुभयो- "मैले यस तरिकाले भन्दा भगवान् बुद्धले अस्वीकार गर्नुभयो । यदि मैले अरू कुनै तरिकाले भनेको खण्डमा स्वीकार पनि गर्न सक्नुहुन्छ कि ।" अनि आनन्दले पुनः भगवान् बुद्धसँग सोध्नुभयो- "भो भगवान् शास्ता ! यदि स्त्रीहरूले घरबार छोडी प्रव्रजित भई बुद्धको धर्मविनय अनुसार शुद्धरूपले आचरण गरेमा के तिनीहरूले दुःखबाट मुक्त रहेको निर्वाणगामी चारै मार्गफल पाउन सक्दैनन् र ?" भगवान् बुद्धले जवाफ दिनुभयो- "आनन्द ! त्यस्तो गर्न सक्दछन् ।"

भिक्षु आनन्दले फेरि आग्रह गर्नुभयो- "भगवान् शास्ता ! यदि यस्तो हो भने स्त्रीहरूलाई भिक्षुणी हुने अनुमति दिनुहोस् । महाप्रजापति गौतमीले शास्तालाई धेरै गुण लाएको छ । उनी सिद्धार्थ जीवनबेलाकी



Downloaded from http://www.dhamma.digital

सानीआमा तथा धर्ममाता हुन् । उनी आमाको सट्टामा बसी दूध ख्वाएकी हुन् । माता महामायादेवी स्वर्गे भएदेखि नै पालन-पोषण गर्ने तथा शिक्षा दीक्षा दिने हुन् । भो शास्ता ! यसकारण महाप्रजापति गौतमीप्रति दया राख्नुहोस् । घरबार छोडी आउने स्त्रीहरूलाई बुद्धको धर्मविनयमा प्रव्रजित भई ब्रम्हचर्य पालन गर्ने अनुमति दिनुहोस् ।"

भगवान् बुद्धले भन्नुभयो- "आनन्द ! त्यसो भए ठीक छ । यदि महाप्रजापति गौतमीले ८ नियमहरू शुद्धरूपले जीवनभर पालन गर्न स्वीकार गरेमा त्यसैबाट गौतमीको उपसम्पदा होस् ।" अनि आनन्दले ती ८ नियमहरू भगवान् बुद्धबाट राम्ररी सुनेर कण्ठ पार्नुभयो ।

**८ गुरुधर्म (आठ वटा ठूला नियमहरू:-**

१. स्त्री प्रव्रजित भएर जति समय भईसकेकी भए पनि आजै मात्र प्रव्रजित भएका भिक्षुलाई पनि मान मर्यादा राख्नुपर्दछ ।
२. भिक्षु नबसेको ठाउँमा भिक्षुणी आफूखुशी बस्न पाउँदैन ।
३. हरेक आधा महिनामा भिक्षुसंघले जिम्मा दिइएका भिक्षुबाट उपदेश सुन्नुपर्दछ ।
४. पवारणा (आफ्नो दोष व्यक्त) गर्नुपर्छ । भिक्षु तथा भिक्षुणी दुवै पक्षमा दोष प्रकट गर्नुपर्दछ ।
५. यदि आपत्ति छ भने स्वीकार गर्नुपर्दछ । यस्तो अवस्थामा भिक्षु भिक्षुणी दुबै पक्षबाट सो आपत्तिबाट मुक्त हुनुपर्दछ ।
६. भिक्षुणी हुन अगावै कमसे कम २ वर्ष सम्म व्रत नियम पूरा गरी परीक्षार्थ शिक्षमाना भई बस्नुपर्दछ ।
७. भिक्षुलाई गालीगलौज गर्न पाइँदैन ।
८. भिक्षुणीले भिक्षुलाई सिकाउने गर्नहुन्न, बरू भिक्षुबाट भिक्षुणीले सिक्नुपर्दछ ।

अनि भिक्षु आनन्दले फर्केर आई गौतमीलाई ती सबै कुरा बताउनुभयो । गौतमीले खुशी तथा सन्तुष्ट भई भनिन्- "भन्ते आनन्द ! मलाई यो कुरा खुशीसाथ मन्जुर छ । जस्तै कुनै नुहाइ-धुवाइ गरिसकेर सिँगार्न चाहने युवक अथवा युवतीलाई कसैले अति राम्रो तथा सुगन्धयुक्त फूलमाला दिएमा त्यसलाई जसरी प्रसन्नतापूर्वक सम्हालेर लिई शिरमा सिँगार्ने गर्दछ; त्यसरी नै म पनि यी ८ वटा नियमहरूलाई शिरोपर गर्दछु । जीवनभरि म यसलाई होशियारी पूर्वक पालन गर्नेछु ।"

भिक्षु आनन्दले फर्केर आई भगवान् बुद्धलाई जम्मै कुरा बिन्ती गर्नुभयो । अनि भगवान् बुद्धले भन्नुभयो- "आनन्द ! स्त्रीहरू रहेको धर्म विनय धेरै



गौतमी भिक्षुणी भइन्

दिनसम्म टिक्दैन । जस्तै:- स्त्रीहरू धेरै भएको तर पुरुषहरू नभएको घर चोर आदिहरूको सामना गर्नसक्दैन; त्यस्तै स्त्रीहरू भित्रिएको धर्म विनय धेरै दिनसम्म खप्दैन ।"

५५ वर्ष उमेरका हुनुहुँदा भिक्षु आनन्दले भगवान् बुद्धको नजिक बसी सेवा गर्ने उपस्थाक पद पाउनुभएको थियो । वहाँ भगवान् बुद्धप्रति विशेष श्रद्धा-भक्ति तथा गौरव राख्ने हुनुहुन्छ। वहाँ भगवान् बुद्धका काकाका छोरा तथा भाइ हुनुहुन्थ्यो । वहाँसँगै अर्को एकजना पनि प्रव्रजित भएको थियो । तर उसको स्वभाव भने वहाँको तुलनामा उल्टो थियो । उ भगवान् बुद्धप्रति ईर्ष्यालु तथा प्रतियोगी थियो । उसले भगवान् बुद्धका संघमा फूट ल्याएको थियो । उसको नाम देवदत्त हो ।

देवदत्त भिक्षुमा "शाक्यवंशीय राजकुलको हूँ" भन्ने अहङ्कार र घमण्ड थियो । भिक्षु सारिपुत्र र मौद्गल्यायनलाई भिक्षुहरूले भगवान् बुद्धका अग्रश्रावकहरू भनी खूब मान्दथे । त्यसो हुनाले भिक्षु देवदत्त असन्तुष्ट भयो तथा संघबाट बेमेलभई निस्केर बिम्बिसार राजाका पुत्र युवराज अजातशत्रुसँग मितेरी लाउन राजगृह पुग्यो । युवराजको उनीप्रति अनुराग बढ्यो । हुँदाहुँदा युवराजले उसलाई राजगृह नजिक एउटा राम्रो विहार बनाइदिए । देवदत्तको लागि विशेष रूपले सेवा टहल गर्नेहरू पनि राखिदिए ।

एकपटक फेरि भगवान् बुद्ध राजगृह जानुभयो । मौका छोपी देवदत्तले भगवान् बुद्धसँग आफूलाई संघका नाइके बनाइदिनहुन अनुरोध गऱ्यो । बुद्धले सोझै अस्वीकार गर्दै भन्नुभयो- "यसो गर्दा उचित प्रतिफल



Downloaded from http://www.dhamma.digital



देवदत्तले बुद्धसंग आफूलाई संघका नाइके बनाई दिनुहुन अनुरोध गर्दै

पाइनेछैन । तर देवदत्त आफ्नो विचारमा अडिग रह्यो । भगवान् बुद्धसँग यसको लागि धिपि नै गरिरह्यो । भगवान् बुद्धले यसकुरामा सहमति नदिनु भएता पनि राजकुमारका पिता राजा बिम्बिसार भने देवदत्तको विचारसँग सहमत थिएनन् । उनी भगवान् बुद्धका पक्का अनुयायी थिए ।



देवदत्तले अजातशत्रुलाई आफूप्रति पूर्ण अन्ध श्रद्धालु बनाउन खोजेको दृश्य

देवदत्तले अजातशत्रुलाई आफूप्रति पूर्ण अन्धश्रद्धालु बनाउन अनेक तरिकाहरूको खोजी गर्दै रह्यो । आफूले चाहेका सम्पूर्ण काममा उसले मद्दत पायो । देवदत्तले देख्यो, अब राजकुमार आफ्नो मुठीमा छ । आफूप्रति वफादार छ । उसले राजकुमारलाई उचाली राजपितालाई पदच्युत गराई कैद गरायो । अजातशत्रुले देवदत्तलाई ठूलो हैसियत तथा सम्मान दिए । उसले आफ्ना पितालाई कारागारमा निराहार राखे । जसबाट राजाको मृत्यु भयो ।

अब भने भिक्षु देवदत्तले आफ्नो महत्त्वाकाङ्क्षा पूराहुने आशा देख्नथाल्यो । देशमा नयाँ राजा छन् । हर तरहले मद्दत गर्छन् । साह्रै विश्वासिला छन् । त्यसो हुनाले देवदत्तले वाण हान्न जान्नेहरूलाई धेरै रुपियाँ-पैसा दिई भगवान् बुद्धलाई मार्न पठायो । तर भगवान् बुद्धकहाँ पुग्दा वहाँको शान्त, दान्त, सुन्दर तथा संयमित स्वरूप आदि बुद्धका लक्षण देखेर तिनीहरूले बुद्धलाई बाण हान्ने आँट गर्न सकेनन् । उल्टै भगवान् बुद्धलाई शिर निहुराई ढोगेर देवदत्तको पोल खोलिदिए । तिनीहरूले बुद्धसँग क्षमा मागे । भगवान् बुद्धको उपदेश सुनी ती सबैजना त्रिशरणमा गए ।

अर्कालाई लगाएर देवदत्तले भगवान् बुद्धको प्राण लिन सकेन । त्यसैले उ आफैले बुद्धलाई मार्ने विचार गऱ्यो । एकदिन उ भगवान् बुद्ध ओहोरदोहर गर्नुहुने बाटो रहेको गृद्धकूट पर्वतमाथि लुकिरह्यो । भगवान् बुद्ध त्यहाँबाट गइरहनुभएको बेलामा उसले बुद्धलाई मार्न एउटा ठूलो ढुङ्गा खसाल्यो । तर त्यो ढुङ्गा सोझै नझरेर एउटा चट्टानमा ठक्कर खाई सानासाना टुकडा भयो । एउटा धारिलो टुकडाले मात्र भगवान् बुद्धको पाउमा लाग्यो । जसले गर्दा खुट्टाको औंलामा घाउ भई रगत निस्क्यो । तर गम्भीर रूपले घायल भने हुनुभएन । त्यो घाउलाई सिपालु वैद्य जीवक कुमारभृत्यले ओखती लगाई निको पारिदियो ।

देवदत्त भगवान् बुद्धलाई मार्ने यी कुयोजनाहरू असफल भएपछि अर्को तरिका खोज्दै हिँड्यो । यसपालि उसले भगवान् बुद्ध राजगृह नगरमा भिक्षाटन जानुहुँदा बुद्धको ज्यान लेओस् भनी एउटा बहुलाएको हात्ति बाटोमा छोडिदियो । तर त्यो हात्तिले पनि भगवान् बुद्धलाई केही गरेन । भगवान् बुद्धको महाकरुणाको तेजबाट सो हात्ति शान्त तथा दान्त हुनगयो । यसप्रकार जे गर्दा पनि भगवान् बुद्धको ज्यान लिन असफल भएकोले देवदत्तले यो विचार नै छोडिदियो । तर उसले त्यसको सट्टा संघमा फूट ल्याउने संघभेद गर्ने विचार लियो ।

अनि एकदिन देवदत्त बुद्धभन्दा शुद्ध तथा आचारनिष्ठ भनी लोकलाई देखाउन भगवान् बुद्धकहाँ भेट्नगयो । उसले त्यहाँ बिन्ती गऱ्यो- "भगवान् बुद्धले भिक्षुहरूका लागि कडा नियम बनाउनुहोस् । जस्तै:



Downloaded from http://www.dhamma.digital

भिक्षुहरू खुल्ला ठाउँमा मात्र बास बसुन् । घरभित्र नबसुन् ।" आदि । अन्तमा उसले प्रार्थना गऱ्यो कि भिक्षुहरूले कुनै पनि प्रकारका माछा-मासु नखाउन् । यस्ता नियमहरू बनाउनुहोस् । यस्ता नियम उल्लङ्घन गर्ने भिक्षुलाई संघबाट निकाल्ने भनी बुद्धबाट आज्ञा होस् ।

भगवान् बुद्धले देवदत्तको अनुरोधलाई अस्वीकार गर्नुभयो । वहाँले भन्नुभयो- "कोही भिक्षु खुल्ला ठाउँमा बस्न चाहेमा बस्न सक्छ । विहारमा बस्न चाहेमा विहारमा नै बसुन् ।" अरू कुराहरूका बारेमा पनि त्यही अनुरूपले भन्नुभयो। अर्थात् यदि भिक्षु भिक्षाटनबाट पाएको मासु खान चाहेमा; फालिएका कपडाको मात्र चीवर लगाउन चाहेमा अथवा शाकाहारी भएर बस्न चाहेमा; त्यसो गरे हुन्छ । तर नगरेता पनि केही आपत्ति छैन । अन्तमा वहाँले देवदत्तलाई चेतावनी दिँदै भन्नुभयो- "संघमा फूट ल्याउने खालका नियम नीति चलाउन नखोज । नत्र भने तिमीलाई नै नराम्रो हुनेछ ।"

देवदत्तले भगवान् बुद्धको चेतावनीलाई वास्ता गरेन । झन रिसाएर सभाबाट निस्केर गयो । आफू खूब नियमशील पालन गर्ने भन्ने भान पारी केही नयाँ र अबूझ भिक्षुहरूलाई आफूसँगै लग्यो। आफू त्यसको नाइके बन्यो । भगवान बुद्धले यसका बारेमा भन्नुभयो - "हे सारिपुत्र ! ती नबुझ्ने भिक्षुहरूलाई बुझाउनु पर्छ । ती भिक्षुहरूको रक्षा गर्नुपर्छ ।" अनि सारिपुत्र, देवदत्त बसेको ठाउँमा जानुभयो । त्यसबेला उ निदाएको थियो । त्यसो हुनाले सारिपुत्रले भगवान् बुद्धको विचार यथार्थ रूपमा स्पष्ट सुनाउनुभई ती भिक्षुहरूको मन फर्काई तिनीहरूलाई भगवान् बुद्धकहाँ ल्याउनुभयो ।

देवदत्त निद्राबाट बिउँझदा आश्रम सुनसान देख्यो । किन यस्तो भयो भनी हेर्दा भिक्षुहरू एकजना पनि बाँकी नरहेको चाल पायो । पछि सारिपुत्रले भिक्षुहरूलाई सँगै लगेको कुरो थाहापायो । अनि उ साह्रै रिसायो । उसको मन र शरीर कमजोर भइसकेको थियो । तसर्थ उ टाढासम्म हिँडेर जान सक्दैनथ्यो । त्यसो हुनाले उ आफ्ना सेवकहरू लगाई डोलीमा बसी भगवान् बुद्धकहाँ गयो ।

देवदत्त आइरहेको बारेमा भिक्षुहरूले भगवान् बुद्धलाई बिन्ती गरे- देवदत्त रिसाहा हो । उसले भगवान् बुद्धलाई कष्ट दिन सक्छ । भगवान् शास्ता लुक्नुहोस् ।" तर भगवान् बुद्ध अलिकति पनि हडबडाउनु भएन । भगवान् बुद्धले भन्नुभयो- "देवदत्तले मलाई केही बिगार गर्न सक्दैन ।" आखिरमा भगवान् बुद्धको वचन सत्य ठहरियो । खबर आयो - "देवदत्त बीचबाटोमा सुस्ताई बस्दा त्यहीं मऱ्यो ।" त्यस बेलादेखि भिक्षु संघमा बुद्धका जीवनभर कहिल्यै कुनै अशान्ति मच्चेन । ■

# धम्मपद - १०१

✍ रीना तुलाधर

**वाणिजो व भयं मग्गं - अप्पसत्थो महद्धनो**
**विसं जीवितुकामो व - पापानि परिवज्जये**

**अर्थ:-** जसरी राम्रो संरक्षण नभएका, ठूलो धन सम्पत्ति बोकेर हिँडेका व्यापारीहरू खतरापूर्ण बाटोबाट हिँड्दैनन्, अथवा जसरी बाँच्न इच्छा भएकाले विषलाई छुँदैन, त्यस्तै गरी मनुष्यहरूले पापलाई छोड्नुपर्छ ।

**घटना:-** बुद्धको समयमा श्रावस्तीमा महाधन भन्ने एउटा व्यापारी थियो । डाँकुहरूले त्यस व्यापारी महाजनलाई लुट्ने मौका खोजीरहेका थिए । यस्तैमा एक दिन त्यस व्यापारीले ठूलो धन सम्पत्ति तथा सामानहरू बोकेर अर्को देशमा व्यापार गर्ने योजना बनाएको कुरा डाँकुहरूले थाहा पाए । महाधन व्यापारीले त्यो देशमा जान चाहने कोही भिक्षुहरू हुनुहुन्छ भने सँगै आउनु भए हुन्छ भनी भिक्षुहरूलाई पनि आमन्त्रण गरे । यात्रामा भिक्षुहरूलाई चाहिने भोजन र अन्य सुविधाहरूको व्यवस्था गर्ने पनि जिम्मा लिए । महाजनसँगै यात्रामा केही भिक्षुहरू पनि साथमा गए । डाँकुहरूले त्यस यात्राको जानकारी लिई पहिल्यै गएर बाटोमा लुकेर बसे ।

व्यापारीहरूको यात्रु समूह घरबाट निस्की जंगलनिरैको एउटा गाउँमा केही दिनको लागि रोकिए । गाउँमै बसेर बयल, गाडा आदि बाहनहरू बनाउने, मरम्मत गर्ने काम गरिरहे । गाउँमा बसुन्जेल साथमा आएका भिक्षुहरूलाई चाहिने खाद्य सामान र अन्य कुराको पनि पूरा बन्दोबस्त गरिरहे । डाँकुहरूले व्यापारीहरू ढिला भएको कारण जान्नको लागि गाउँमा पस्दा कतैबाट व्यापारीले डाँकुहरूले आफूलाई लुट्न बाटोमा लुकेर बसेको थाहा पाए । व्यापारीले यात्रा अगाडि नबढाई घरतिर फर्कने निधो गरे । डाँकुहरूले व्यापारीको यात्रु समूह घरतिर फर्कन लागेको थाहा पाएर फेरि त्यस ठाउँबाट फर्केर महाजनको घरतिर जाने बाटोमा लुक्न आए । कतैबाट व्यापारी महाजनले यो पनि थाहा पाए । "अब त दुबैतिर बाटो खतरापूर्ण छ । केही दिन यात्रा स्थगित गरी गाउँमै बस्नु सुरक्षित हुनेछ" भनी ठानी सँगै आएका भिक्षुहरूसँग यसरी बिन्ति गरे - "हामीलाई डाँकुहरूले लुट्न खोजीराखेका छन् । दुबैतिरको बाटो हाम्रो लागि सुरक्षित छैन । अत: हामीले केही दिन यहिं रुक्ने बिचार गऱ्यौं । भिक्षुहरू चाहनु हुन्छ भने यहिं बस्नु भए हुन्छ अथवा फर्केर जानु भए हुन्छ ।"

भिक्षुहरूले 'हामी फर्केर जान्छौं' भनेर श्रावस्तीतिरै फर्केर आएर भगवान बुद्ध कहाँ भेट्न आए । भगवान बुद्धले 'यात्राबाट किन फर्केर आयौ' भनेर सोध्नु भएपछि भिक्षुहरूले डाँकुहरूको भय भएको कुरा वृतान्त सुनाए । यसै प्रसंगमा भगवान बुद्धले भन्नुभयो- "जसरी महाधन व्यापारीले डाँकुको भय भएको बाटो जाने परित्याग गरे, जसरी बाँच्न चाहनेले विषलाई परित्याग गर्छन् । भिक्षुहरूले पनि यो भव चक्रलाई भय युक्त बाटो जस्तै हो भनी सम्झी पाप कर्मबाट अलग्ग भएर रहनु पर्छ ।" यसरी धर्मदेशना गर्दै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■



Downloaded from http://www.dhamma.digital

**************************

# अनिच्चावत संखारा

**************************







## तेकबहादुर रंजित

**जन्म : वि.सं. १९९८ पौष महिना**

**दिवंगत : २०५४ कार्तिक २६ गते**

**दिवंगत तेकबहादुरया पुण्य-स्मृतिसं निर्वाण कामना यासें धर्मकीर्ति पत्रिकाया निम्ति सहयोगार्थ रु. १,००५/- चन्दा स्वरूप प्रदान यानादीपिं:-**

**जहान सुभद्रा रजिंत**

| काय्पिं | भौपिं | म्हचाय्पिं |
|---|---|---|
| पृथ्वी रंजित | सुन्दरी रंजित | सुलोचना रंजित |
| कीर्ति रंजित | कृष्णलक्ष्मी रंजित | सुमित्रा रंजित |
| गौतम रंजित | सरस्वती रंजित | सुशीला रंजित |
| कबिर रंजित | सुर्यलक्ष्मी रंजित | |

**बनेपा वडा नं. ६**



Downloaded from http://www.dhamma.digital

# के हुँदा के हुन्छ

✍ भिक्षु सुशील

१. चक्षु (आँखा) र रूपको संयोगले चक्षु विज्ञान उत्पन्न हुन्छ,
- चक्षु विज्ञान उत्पन्न हुँदा रूप सम्बन्धमा चेतना जाग्छ,
- रूप सम्बन्धि जागेको चेतनाले रूपाकृतिमा रस लिन थाल्छ,
- रूप रसमा टाक्सिएर रहँदा वेदना उत्पन्न हुन्छ,
- उत्पन्न वेदनाले रूपबाट टाढिनु पर्दा चित्तलाई आकुल-ब्याकुल तुल्याउँछ,
- आकुल-ब्याकुल भएको चित्तबाट अकुशल कार्य हुन जान्छ,
- अकुशल कर्मले दु:ख निम्त्याउँछ ।

२. श्रोत (कान) र शब्दको संयोगले श्रोत विज्ञान उत्पन्न हुन्छ,
- श्रोत विज्ञान उत्पन्न हुँदा शब्द सम्बन्धमा चेतना जाग्छ,
- शब्द सम्बन्धि जागेको चेतनाले शब्दमा रस लिन थाल्छ,
- शब्द रसमा टाक्सिएर रहँदा वेदना उत्पन्न हुन्छ,
- उत्पन्न वेदनाले शब्दबाट टाढिनु पर्दा चित्तलाई आकुल-ब्याकुल तुल्याउँछ,
- आकुल-ब्याकुल भएको चित्तबाट अकुशल कार्य हुन जान्छ,
- अकुशल कार्यले दु:ख निम्त्याउँछ ।

३. घ्राण र गन्धको संयोगले घ्राण विज्ञान उत्पन्न हुन्छ,
- घ्राण विज्ञान उत्पन्न हुँदा गन्ध सम्बन्धमा चेतना जाग्छ,
- गन्ध सम्बन्धि जागेको चेतनाले गन्धमा रस लिन थाल्छ,
- गन्ध रसमा टाक्सिएर रहँदा वेदना उत्पन्न हुन्छ,
- उत्पन्न वेदनाले गन्धबाट टाढिनु पर्दा चित्तलाई आकुल-ब्याकुल तुल्याउँछ,
- आकुल-ब्याकुल भएको चित्तबाट अकुशल कार्य हुन जान्छ,
- अकुशल कार्यले दु:ख निम्त्याउँछ ।

४. जिव्हा र रसको संयोगले जिव्हा विज्ञान उत्पन्न हुन्छ,
- जिव्हा विज्ञान उत्पन्न हुँदा रस (स्वाद) सम्बन्धमा चेतना जाग्छ,
- स्वाद सम्बन्धमा जागेको चेतनाले स्वादमा मजा लिन थाल्छ,
- स्वादमा निमग्न रहँदा वेदना उत्पन्न हुन्छ,
- उत्पन्न वेदनाले स्वादबाट टाढिनु पर्दा चित्तलाई आकुल-ब्याकुल तुल्याउँछ,
- आकुल-ब्याकुल भएको चित्तबाट अकुशल कार्य हुन जान्छ,
- अकुशल कार्यले दु:ख निम्त्याउँछ ।

५. काय र स्पर्शको संयोगले काय-विज्ञान उत्पन्न हुन्छ,
- काय-विज्ञान उत्पन्न हुँदा स्पर्श सम्वन्धमा चेतना जाग्छ,
- स्पर्श सम्वन्धमा जागेको चेतनाले स्पर्शमा रस लिन थाल्छ,
- स्पर्श रसमा निमग्न रहँदा वेदना उत्पन्न हुन्छ,
- उत्पन्न वेदनाले स्पर्शबाट टाढिनु पर्दा चित्तलाई आकुल-ब्याकुल तुल्याउँछ,
- आकुल-ब्याकुल भएको चित्तबाट अकुशल कार्य हुन जान्छ,
- अकुशल कार्यले दु:ख निम्त्याउँछ ।

६. मन र धर्म (स्वभाव) को संयोगले मनोविज्ञान उत्पन्न हुन्छ,
- मनोविज्ञान उत्पन्न हुँदा धर्म सम्बन्धमा चेतना जाग्छ,
- धर्म सम्वन्धमा जागेको चेतनाले धर्ममा रस लिन थाल्छ,
- धर्म रसमा टाक्सिएर रहँदा वेदना उत्पन्न हुन्छ,
- उत्पन्न वेदनाले (स्वभाव) धर्मबाट टाढिनु पर्दा चित्तलाई आकुल-ब्याकुल तुल्याउँछ,
- आकुल-ब्याकुल भएको चित्तबाट अकुशल कार्य हुन जान्छ,
- अकुशल कार्यले दु:ख निम्त्याउँछ । ■



Downloaded from http://www.dhamma.digital

# लुम्बिनी विकासको केही चर्चा

✍ भिक्षु विमलानन्द

लुम्बिनी भन्ने वित्तिकै शान्तिका अग्रदूत महामानव बुद्ध जन्मनु भएको एक पवित्र तीर्थ स्थल लुम्बिनीको सम्झना हुन थाल्दछ ।

आजभोली लुम्बिनी शब्दलाई घर, पसल, यातायात आदि विषयका साइन बोर्डहरूमा समेत प्रयोग गरिएको पाइन्छ । तर बौद्ध दृष्टिकोणले हेर्ने हो भने लुम्बिनी शब्द बुद्ध, धर्म र संघ संग सम्बन्धित महान पवित्र तीर्थस्थल को विषयमा मात्र प्रयोग गर्नु उचित देखिन्छ ।

लुम्बिनीको दर्शन गर्न आउनु भएका सम्राट अशोकले स्मरणको लागि शिलास्तम्भ खडा गरी बुद्ध जन्मेको पवित्र तीर्थस्थलको प्रमाण सो शिलास्तम्भमा कुँडि दिनुभयो । फलस्वरूप स्वदेशी र बिदेशी राजा, जनाधिपती, राष्ट्रपती, मन्त्रीगण, सचीव, महान बिद्वान महान पदाधिकारीहरू, बैज्ञानिकहरू, दार्शनिकहरू, ऐतिहासिक पुरातात्त्विक बिद्वानहरू, धनीमानी, गरीव खालका भक्तजनहरू मात्र होइनन्, आफूलाई बौद्ध, हिन्दू, क्रिश्चियन र मुसलमान आदि भनाउन चाहने विभिन्न धर्मावलम्बीहरू पनि सो पवित्र तीर्थस्थलको दर्शनार्थ आइरहेका देखिन्छन् । बौद्ध भक्तजनहरूमध्ये धेरैजसो श्रीलंका, थाइल्याण्ड, वर्मा आदि देशहरूबाट बढि आउने गर्छन् भने नेपालका भक्तजनहरू आउनु त स्वभाविक नै भए । त्यस्तै जापान, कोरिया, ताइवान, मलेशिया, सिंगापूर, भियतनाम, यूरोप, जर्मन, फ्रान्स, अमेरिका, हलैण्ड, इटाली आदि देशहरूका नागरिकहरू पनि यस स्थलको दर्शनार्थ आउने गर्छन् । यसरी यस स्थल पवित्रमय दर्शनीय, वन्दनीय र पूजनीय हुन पुगेको छ । बुद्ध, धर्म र संघ भन्नु नै विश्वकै साझा रत्न हो । त्यसैले यस पवित्र स्थलले कुनै जाती र थर विशेषको लागि मात्र होइन विश्वलाई नै स्वागत गरिरहेको छ ।

बुद्धले आफू बुद्ध हुनु भएतापनि आफूलाई भन्दा आफ्ना शिष्य भिक्षुसंघलाई प्राथमिकता दिनु भएको बारे एक छोटकरी घटना यहाँ उल्लेख गर्न चाहन्छु । प्रजापती गौतमी बुद्धकी कान्छी आमा हुनुहुन्छ । प्रजापती गौतमीले आफ्नो पवित्र श्रद्धाले भरेको चित्तले कपासलाई धागो बनाउनु देखि लिएर कपडा बुन्ने र चीवर सिउने आदि कार्य सबै तीन महिना बिताई आफ्नै हातले सिध्याई बुद्धलाई सो चीवर दान गर्न खोज्नु भएको बेला बुद्धले भन्नुभयो- "हे प्रजापती गौतमी ! तपाईले तीन महिना बिताई आफ्नै हातले मेहनत गरी तयार पार्नु भएको यो चीवर वस्त्र म एक्लैलाई होइन बरू भिक्षु संघलाई दान दिनुभएको भए अझ उत्तम हुनेछ । किनभने सो भिक्षु संघमा म पनि सहभागी हुनेछु । यसरी गरेको संघदानबाट राम्रो फल प्राप्त हुनेछ ।" यसरी बुद्धले भिक्षु संघलाई पहिलो प्राथमिकता दिनु भएको देखिन्छ । यही कारणले होला थेरवाद बौद्ध देशमा बौद्धहरूले भिक्षुसंघ प्रति ठूलो श्रद्धा राख्दै भक्तिपूर्वक दान दक्षिणा दिने चलन छ । भिक्षु संघको तर्फबाट बुद्ध शिक्षा प्रचार प्रसार मात्र होइन संरक्षण पनि भइरहेकै देखिन्छ । हुनत यस कार्यमा भिक्षु संघ मात्र होइन भिक्षुणी र उपासक उपासिकाहरूको तर्फबाट पनि ठूलो योगदान भइरहेको छ । बुद्ध धर्म र संघ प्रति अटल श्रद्धा हुने दाताहरूको तर्फबाट बुद्ध मन्दिरहरूको निर्माण कार्यमा आर्थिक सहयोगहरू प्रदान हुँदै आइरहेको देखिन्छ ।

बुद्धको जन्मस्थल लुम्बिनीमा सम्राट अशोकले शिलास्तम्भ मात्र होइन अन्य थुप्रै स्तूपहरूको साथसाथै भिक्षुहरू बस्नको लागि बिभिन्न आराम गृहहरू पनि बनाई दिनुभएको देखिन्छ । सो आराम गृहहरूको भग्नावशेषहरू पुरातत्त्वको रुपमा बाँकी नै छन् । हुनसक्छ, कुनै दैवी प्रकोपबस महामारी रोग लागेर वा भुकम्प, बाढी, अग्नी काण्ड आदिले र भिक्षु भिक्षुणीहरू आफै पनि बुढाबुढी भई रोग ब्याधीले बितेर गए होलान् । फलस्वरुप भिक्षु भिक्षुणी परम्परा चलाउने व्यक्तिहरूको अभाव भई विहारहरूको संरक्षण हुन नसकी हाल केवल भग्नावशेषको रुपमा मात्र बाँकी रहेको हुन सक्छ । हाल कपिलबस्तुमा पनि राजदरबारका जगहरू मात्र बाँकी रहेका छन् ।

जे होस्, नेपालका कूलपुत्रहरूमध्ये गृहत्याग गरी कोही कुशिनगर पुगी उ चन्द्रमणी महास्थविर समक्ष भिक्षु बने भने कोही श्रीलंका वजिराराममा पुगी भिक्षु भए । त्यस्तै कोही वर्मा, कोही थाइल्याण्ड पुगी भिक्षु हुँदै नेपालमा थेरवाद बुद्ध शासन प्रवेश भए । जब बुद्धको जन्मस्थल लुम्बिनी हो भन्ने कुरा प्रकाशमा आए, तब थेरवाद भिक्षुहरू लुम्बिनी दर्शनार्थ आउने जाने गर्न थाले । फलस्वरूप लुम्बिनीको संरक्षण अभियानको



Downloaded from http://www.dhamma.digital

सिलसिलामा लुम्बिनी धर्मोदय सभा स्थापना भएपछि लुम्बिनीको संरक्षणको लागि श्री ५ महेन्द्रको पालामा बुद्ध विहार, धर्मशाला र गेष्ट हाउसको निर्माण भए। साथै अशोकस्तम्भ, माया मन्दिर, पोखरी र बुद्ध मन्दिर गरी २३ बिघा जति जमीन पनि धर्मोदय सभालाई लालपूर्जा सहित जिम्मा दिइएको थियो । हाल ती लालपूर्जाको खोजी गर्दा जग्गाको लालपूर्जा मात्र भेटियो । तर माथि लेखिएका चार महत्त्वपूर्ण स्थलहरूको लालपूर्जा भने सिंहदर वारको अग्निकाण्डको चपेटामा परेको आशंका गरिएका छन् । जे भएपनि अशोकस्तम्भ, माया मन्दिर, पोखरी र बुद्ध मन्दिर आदि यी ४ स्थलका लालपूर्जा सहित श्री ५ को सरकारले धर्मोदय सभालाई सुम्पिदिएको दफा नं र दिन मिति सहित नोट गरिएका अंकहरू श्री दयावीर सिंह कंसाकारज्यूको नोट बूकमा लेखिराखेको त पाइएको छ ।

अब धर्मोदय सभाले लुम्बिनीलाई संरक्षण गर्न नसक्ने हुनाले १९५३ सालमा स्थापना भएको लुम्बिनी धर्मोदय कमिटीले लुम्बिनीलाई संरक्षण गर्दै आएको छ। लुम्बिनी धर्मोदय कमिटीकै मार्फत भिक्षुहरू पनि लुम्बिनीमा बस्ने ब्यवस्था भयो । भिक्षुहरूका लागि श्री ५ को सरकारको तर्फबाट बर्षको ६ हजार रूपैयाँ अनुदान दिइएको थियो। तर कतिपय बर्ष देखि त्यो चन्दा स्वरुप दिइएको आर्थिक सहायता पनि कमिटीले पाउन सकेको छैन ।

यु.एन. को जनरल सेक्रेटरी "उथान्त" लुम्बिनी दर्शनार्थ आउँदा लुम्बिनीको दयनीय अवस्था देखी श्री ५ महेन्द्र सरकार संग यसबारे सल्लाह गर्नुभई लुम्बिनी सम्बर्द्धन गर्नको लागि एक लुम्बिनी बिकास कोष स्थापना गरियो। विकास कमिटी खडा भएर पनि कतिपय बर्षसम्म केही खास कार्यको उन्नति भएको देखिएन । जब श्री लोकदर्शन बज्राचार्यज्यू बिकास कमिटीका अध्यक्ष हुनु भयो, त्यसपछि क्रमश: बिकास योजनानुसार कार्यहरू शुरू गर्न थालियो । उहाँको अध्यक्ष कालमा जग्गा अधिकरण, बृक्षारोपन, स्टाफ क्वार्टर, लुम्बिनी गार्डन, गेष्ट हाउस, श्रीलंका सरकारको तर्फबाट बनाउने यात्री निवासको शिलान्यास, भारत सरकारको आर्थिक सहयोगबाट बन्ने म्यूजियमको शिलान्यास, जापान रेयुकाईको आर्थिक सहयोगबाट बन्ने लाइब्रेरी आदि कार्यहरू सम्पन्न भए । भैरहवा देखि लुम्बिनी आउने बाटो आदि काम पनि वहाँकै अध्यक्ष कालमा भएको थियो ।

सन् १९७२ मा लुम्बिनी धर्मोदय कमिटीको मुख्य पदाधिकारी श्री कवि चित्तधर हृदय (लु.ध.क. अध्यक्ष ज्यू), श्री दयावीर सिंहज्यू (लु.ध.क.) सचिवज्यू लु.ध.क. का कोषाध्यक्ष मणिहर्षज्यू, प्राध्यापक आंशारामज्यू आदि महानुभावहरूले मलाई लुम्बिनी बुद्ध मन्दिरमा स्थानीय रुपमा बसी सेवा गर्नका लागि आग्रह गरेको हुनाले म श्रीलंकामा नफर्की लुम्बिनीमा बसेको हुँ । त्यस समय भिक्षु अनिरुद्ध महास्थविर लुम्बिनीमा बस्नु हुन्थ्यो ।

केही वर्ष पछि श्री लोकदर्शन बज्राचार्यज्यूले बिकास कमिटीबाट अवकाश लिनु भएपछि श्री ५ अधिराजकुमार ज्ञानेन्द्र लुम्बिनी बिकास कोषको अध्यक्ष होइबक्सियो । मौसूफको अध्यक्ष कालमा शान्ति दीप, म्यूजियम, लाइब्रेरी र श्रीलंका गेष्ट हाउस आदि ठूला भवनहरूको निर्माण कार्य सम्पन्न भए । बहुदल सरकारको उदय पछि श्री ५ अधिराजकुमार ज्ञानेन्द्रबाट पनि अध्यक्ष पदबाट अवकास लिईबक्स्यो । त्यसपछि विकास कोषमा धेरै वर्षसम्म प्रोजेक्ट मैनेजरमा हेरफेर हुँदै जसोतसो कोषको काममा खतपट हुँदै थियो। त्यसपछि सूर्यबहादुर शाक्यको उपाध्यक्षतामा बिकास कोषको काम हुँदै थियो । फेरि केही बर्ष पछि एमाले सरकारले शासन चलाएपछि बुद्ध जन्मस्थल लुम्बिनीमा बौद्ध भिक्षुलाई उपाध्यक्ष पदमा राख्नु उचित ठहराई भिक्षु अश्वघोष महास्थवीरज्यूलाई उपाध्यक्ष पद दिइयो । तर एमाले सरकार धेरै समयसम्म टिक्न नसकेकोले वहाँले पनि सो पदबाट अवकास लिनुभयो । यसरी उहाँले लुम्बिनीको लागि जति सेवा गर्ने इच्छा गर्नु भएको थियो , त्यति गर्न पाउनु भएन । जून सरकार आएतापनि धेरै समय सम्म टिक्न नसक्ने हुनाले र बिकास कोषका मुख्य पदाधिकारीहरू पनि बदल्दै जाने गरेको हुनाले लुम्बिनीको विकास कार्यहरूमा धक्का पुग्नु स्वभाविक नै हो । यस बहुदल सरकारले चौविसौं बर्ष लुम्बिनीमा वसी सेवा गरी आएको मलाई लुम्बिनी विकास कोषको उपाध्यक्ष पद त दिइयो। तर यस पदमा रही केही उल्लेखनीय काम गर्न सकेको छैन। तर अभाग्यवश मैले पनि केही महीना मात्र वसी उपाध्यक्ष पदबाट अवकाश पाएँ।

■



Downloaded from http://www.dhamma.digital

# मेघदूतज्यूमा साधुवाद ! रचनात्मक अर्थमा मेरो केही भन्नु

✍ **कोण्डन्य**, संघाराम

गतांकको "धर्मकीर्ति" पूर्णिमा भन्दा १० दिन अगावै आफ्नो हातमा पर्‍यो । मेघदूतज्यूले छलफल मार्फत "बुद्ध शिक्षा सम्बन्धी पुस्तकको अभाव" शीर्षक प्रस्तुत गर्नु भएको अन्तिम पातोको सातौं अनुच्छेदमा आँखा परिहाल्यो । मेघदूतज्यूको छलफल पढ्दा मज्जा लाग्छ, कहिले हाँसो उठ्छ भने कहिले त नियास्रोपनाको महशूस पनि हुने गर्छ । जे होस् वहाँले व्यावहारिक धरातलमा उभी रचनात्मक तवरमा गर्नुहुने घोचपेच अनुकरणात्मक नै मान्नुपर्छ । यध्यपि कतिपय विषयहरू सैद्धान्तिक रुपमा तथा यथार्थवादसँग अनमेल कुराहरू पनि वहाँले यदाकदा उठाउनु भएको देखिन्छ । गतांकमा प्रकाशित छलफल पढी सकेपछि मनमा उठेका कुराहरूलाई उतार्ने तरखर गर्दैछु ।

छलफल मार्फत "बुद्ध शिक्षा सम्बन्धी पुस्तकको अभाव" नामक शीर्षकमा विविध कुराहरू उठाइएका पाइयो । जसमध्ये मूलबुँदा भन्नु नै-

१. बुद्धभूमिमा बुद्धधर्म सम्बन्धी पुस्तकको अभाव
२. इशाईहरूको सकृयता एवं धर्मप्रचारमा द्रुत गति
३. बुद्धधर्म सम्बन्धी पुस्तक नेपालभाषामैं सीमित
४. बौद्ध संघ-संस्थाहरूको आर्थिक कमजोर
५. अर्थ विना धर्म प्रचारमा कठीनता
६. अखिल नेपाल भिक्षु महासंघको निश्क्रियता
७. युवा बौद्ध समूहमा शीथिलता
८. बौद्ध संघ-संस्थाहरू सुलुमैं मग्न
९. अ.ने.भि. महासंघद्वारा प्रकाशित हुने 'बुलेटिन' को प्रकाशन बन्द

उपरोक्त बुँदाहरूका विषयमा लेख्दै जाँदा थुप्रै कुराहरू जोडिदै आउने हुन्छ नै र पनि ती कुराहरूका बारेमा आफूलाई लागेका कुराहर संक्षिप्तमा समग्ररूपले यहाँ च्वास्स च्वास्स हुने प्रयास गर्न कलम अघि बढाउँदैछु ।

बुद्धको देश नेपालमा बुद्धधर्मको पुनर्जागरण भएको पाँच दशक बितीसक्दा पनि पर्याप्त मात्रामा बुद्धको धर्म र दर्शन समाहित पुस्तकहरू प्रकाशित हुन नसक्नु पक्कै पनि दु:खदायी कुरा हुन् । जति पुस्तक प्रकाशित भए ती पनि नेपालभाषामैं मात्र सीमित भयो भनेर लख काट्नेहरू पनि थुप्रै नभएका होइनन् । तर नेपाली भाषामा पनि कतिपय महत्त्वपूर्ण पुस्तकहरू नछापिएका पनि होइनन् । जति गरीनु पर्ने र हुनुपर्ने हो त्यो हुन सकीरहेका छैनन् - यो निश्चित नै हो । जहाँ सम्म नेपाली भाषाको सवाल छ, नेपालीमा बुद्धधर्म सम्बन्धी थुप्रै ग्रन्थहरू रचना गर्नुहुने दिवंगत आचार्य भिक्षु अमृतानन्द महास्थविरको अग्रणी भूमिका रहेको कुरा स्मरणीय छ । विशेषत: नेपालमा थेरवाद बुद्धधर्मको जनजागरण ल्याउनमा पुर्‍याएको योगदान तथा बुद्धकालीन ग्रन्थहरू रचना गरी बुद्ध शासन चिरस्थायीका लागि गर्नु भएको योगदानले गर्दा नेपालको धार्मिक इतिहासमा वहाँ अमर भइरहने नै छ । तर अपशोचको कुरा स्वयं वहाँद्वारा प्रतिस्थापित आनन्दकुटी विहार गुठीले समेत वहाँप्रति गरीनुपर्ने सच्चा सम्मान मात्र औपचारिकतामैं सीमित पारेको छ भन्ने जनसमुदायमा असन्तोष व्याप्त रहेको अझै कसैबाट पूर्ति गर्ने तर्फ चासो नदेखाएको कुरालाई अपशोच नै नमानी के मान्ने ? !

जहाँसम्म ग्रन्थ प्रकाशनको सवाल छ, त्यसमा सम्पूर्ण प्रकाशकहरूबाट ध्यान दिनु पर्ने अपरिहार्यता देखिन्छ । बौद्ध ग्रन्थहरूकै प्रकाशनको विषयमा भन्ने हो भने कतिपय संघ, संस्था वा व्यक्ति विशेषहरूबाट रचित, अनुदित वा सम्पादित पुस्तकहरूको प्रकाशन गर्दा मूल्य निर्धारणमा बढी ख्याल राख्नु पर्छ । कतिपय पुस्तकहरूमा धर्मदान अर्थात Free Distribution छापिएको हुँदाहुँदै पनि भारी मूल्यमा बिक्री गर्न लगाइन्छ र गरिन्छ पनि । पुस्तकमैं स्पष्ट हुनेगरी चन्दादाताहरूका नामांकन गरी सक्दा पनि मूल्य राख्दा कहाँसम्म उचीत होला सोचनीय विषय भएको छ । अझ कतिपय संस्था वा व्यक्तिहरूकहाँ चर्को मोलका ग्रन्थहरू त्यसै ओरिएर ढुस्सी परी किराले प्वालै प्वाल पारेर धुजा धुजा परेर त्यसै रहेका किताबको डंगुर यसै पंक्तिकारले यदाकदा देख्ने गर्दा मनमा चीसो पस्ने गर्थ्यो र कस्तो कस्तो लागेर आउँछ । बरू त्यसरी खेर फ्याँक्नुभन्दा जनसाधारणले किन्नसक्ने मोलराखी वा पुरानो मूल्यमा पैसा घटाई बिक्री गर्ने-गराउने गरे राम्रो हुन्छ कि !? आजकल त पुस्तक किन्न सक्नेहरू पढ्न नसक्ने शोकेशमा सजाउनेहरू भएको छ भने पुस्तक पढ्नेहरू चर्को मोलले गर्दा किन्न नसक्ने भएका छन् जस्तोलाई-यस्मा कत्तिको सत्यता छ परिस्थिति आफैमा स्पष्ट छ ।



Downloaded from http://www.dhamma.digital

पुस्तक प्रकाशन गरी Free Distribution गर्नमा क्रिश्चियनहरू नै सबैभन्दा अगाडि पुगेको सहजै अनुमान गर्न सकिन्छ। हुनत क्रिश्चियन धर्मको प्रचार शैली नै मिशनरी कार्य हो भने उनीहरूको प्रचार-प्रसार को संक्रमण विन्दू गाउँ हुन्छ भने विस्तारै शहरमा प्रभाव जमाउँछ। अझ हाम्रो जस्तो गरीवी रेखामुनि रहेका असहाय जनताहरूका माझ अरू धर्म भन्दा क्रिश्चियन अगाडि हुन्छ नै किन भन्ने कुरा स्पष्ट छ- मिशन। यदि कसैले कसैलाई जबर्जस्ती नै धर्म परिवर्तन गर्न लगाउँछ भने त्यसलाई राम्रो पक्ष मान्न सकिन्न परन्तु कोही क्रिश्चियनहरूको मिशनमा राजीखुशी आफै परिवर्तन हुन्छ भने, हुन चाहन्छ भने मलाई लाग्छ यस्मा क्रिश्चियन मिशनरीलाई मात्र दोष दिनु संकुचित विचार धाराले ग्रसित मानसिकता हो। जो कोही पैसाले मात्र प्रभावित हुने कहाँ हो र? जहाँ फँस्ने र फसाउँने हुन्छ, त्यहाँ एकपक्षलाई मात्र दोषी ठान्नु मिल्ला र भने ?! बरू आफ्नै अनुयायीहरूलाई प्रभावित पारिरहनु पर्ने अपरिहार्यता देखिएको छ, होइन भने कुनै पनि बेला क्रिश्चियनहरूको कृयाकलापबाट प्रभावित भई उनीहरू विस्तारै परिवर्तन हुँदै नजाला भनी धुक्क भएर बस्नु केवल खोक्रो स्वाँग मात्र हुनेछ।

मलाई लाग्छ, क्रिश्चियनहरूको मिशन जति जति सफल हुँदै आउँछ त्यति त्यति सबैभन्दा बढी खतर ाको महशूस त हिन्दूधर्मका कट्टर पन्थीहरूलाई हुन्छ र त बेला बेलामा क्रिश्चियनहरूले जबर्जस्ती धर्म परिवर्तन गराउनमा अतिक्रमण गर्दैछ भनी भय र त्रासपूर्ण वक्तब्य प्रकाशित गरेको समय समयको अखवारहरूमा पढ्न पाइन्छ। यस्ता कुराहरू हिन्दूराष्ट्र-हिन्दू सँस्कृति मात्र भनी काखी च्याप्ने प्रवृत्तिको मानसिकता मात्र हो भनी क्रिश्चियन वन्धुहरू भन्ने गर्छन्। हुनपनि हो, प्रजातान्त्रिक व्यवस्थाको वहालि भैसकेको छ, ज-जस्ले आफ्नो नीति, सिद्धान्त, वाद, धर्म आदि प्रचार गर्न सक्छ उनीहरू द्रुतगतिमा अगाडि बढी सुदृढ हुँदैजाने हुन्छ; चाहे त्यो राम्रो होस् या अझ नराम्रै किन नहोस्। त्यसैले क्रिश्चियनहरू द्रुतगतिले अघि बढ्दैछ भन्दै जप्दै बस्नुभन्दा त हामीले आ-आफ्नो धर्म, संस्कृति रक्षार्थ आफ्नै अनुयायीहरू, आफ्नै समाजलाई सही ठाउँमा राख्न सक्नु राम्रो हुनेछ, अत्युत्तम उपाय यही हुनेछ। अन्यथा काग कराइरहन्छ पिना सुक्दै गर्छ भने झै होला नि है।?

हुनपनि हो जस्तो लाग्छ, मेघदूतज्यूले उठाए झैं विना पैसा धर्म प्रचार गर्ने सम्भावना कम हुँदैछ। विगत्का बुद्धकालीन जीवनी-घट्नाक्रम हेर्दा र सैद्धान्तिक पक्षलाई नियाल्दा यो कुरा नमिल्न सक्छ परन्तु आधुनिक जमानामा पैसा नै सबथोकको रूपमा स्वीकार गरीने चलनको संस्कार विकास भइरहेको छ। लेख्दालेख्दै विगतको कुरा याद आयो कुनैबेला वर्तमान डा.मित्र सुशोभन (त्यतिबेला भिक्षु) ज्यूले संघाराम भिक्षु तालिम केन्द्रमा धर्महरूको विकासका माध्यमका बारेमा अध्यापनको क्रममा नोट गराउनु भएको थियो कि- "क्रिश्चियनहरू अघि बढे-पाउरोटी र बाइबल बोकी, मुश्लिमहरू अघि बढे- तलवार र कोरान बोकी र बौद्धहरू अघि बढे- पात्र र त्रिपिटक बोकी।" जहाँसम्म क्रिश्चियन र बौद्धहरू रोटी र पात्र बोकी अगाडि बढेको भन्ने कुरा छ, यसबाट रोटीलाई सम्पन्नता अर्थात भोकाएकोलाई खाना दिने भन्ने कुरा स्पष्ट नै छ भने मात्रले धन दिन नसक्ने वा अरूको आधारमा जीवन यापन गर्ने भन्ने कुरा जनाउँछ। तर आधुनिक समाज त धनको अगाडि यति झुकीसक्यो कि के भनूँ ? तसर्थमा विनाअर्थ कुनै पनि कामकुरो सफल होला भन्ने नचिताए पनि भयो। जब अर्थले बोल्छ, त्यहाँ सत्य पनि नतमस्तक हुने गर्छ। आजको समाज अर्थको समाज पैसा नहुनेले सत्य बोलेपनि असत्य सावित हुन्छ भने पैसा हुनेले असत्य बोलेमा पनि सत्य सावित गरिन्छ र हुन सक्छ यहाँ। अर्थले गर्दा नै विद्वान कहलाइन्छ, मान प्रतिष्ठा हुन्छ भने विना पैसाको विद्वान मूर्ख पनि सावित हुनसक्छ यहाँ। त्यसैले आज अर्थलाई मानिस भन्दा ठूलो मानिन्छ, मानीने परम्पराको विकास हुँदैछ। वास्तवमा यी कुराहरू यथार्थता भन्दा बाह्य कुरा हुन्, यथार्थमा सही मान्न सकिन्न बल्कि यो त विद्यमान समाजको ऐना मात्र हो।

यस उसले विद्यमान समाजलाई हेर्दा अर्थ विना धर्म प्रचारमा ठूलो कठीनता तेर्सिएको आभाष मिल्दछ। धार्मिक व्यक्तित्वहरूमा समेत अर्थले ठूलो प्रभाव छोड्ने प्रथा शुरू भैसक्यो। यसरी नै धर्म गुरूहरूका नाम, सम्मान र प्रतिष्ठामा समेत अर्थले आफ्नो प्रभाव जमाइसकेको कुरा सर्ववीदित नै छ।

बौद्ध संघ संस्थाहरूमा पनि अर्थकै अभाव भएरै हो कि निरन्तररूपमा विविध क्रियाकलाप गर्नमा पछि परिरहेको! कुनै कुनै संस्था त आर्थिक रूपमा सबल एवं सक्षम छैन भन्न मिल्दैन पनि। अझ कतिपय व्यक्तिहरू त बौद्ध संघ-संस्थाकै नामबाट मालामाल भएका पनि छन् भन्ने कुरा हामी बौद्धहरूकै वीचमा गुनासा नरहेका पनि होइनन्। जहाँसम्म अखिल नेपाल भिक्षु महासंघको निश्क्रियता र युवा बौद्ध समूहमा शिथिलता छाएको कुरा मेघदूतज्यूले उठाउनु भएको छ, यो धेरै नै सत्यता



Downloaded from http://www.dhamma.digital

नजिकैको कुरा उठाउनु भएको छ । वर्तमान बौद्ध संस्थाहरू मध्ये एक उल्लेखनीय युवा बौद्ध समूह, काठमाडौंले पनि बुद्धधर्म प्रचारार्थ भनी विविध क्रियाकलापहरू संचालन गरिसकेको मध्येमा पञ्चशील अभियान र बौद्ध जागरण शिविर उल्लेखनीय मान्न सकिन्छ । अझै यस्तै कार्यहरूलाई निरन्तरता दिँदै नयाँ नयाँ कार्यहरू गरीनु पर्छ भन्ने बौद्ध जनसमुदायहरूको सद्इच्छा रहेको पाइन्छ । यसरी नै अखिल नेपाल भिक्षु महासंघ पनि चनाखो भएर संगठित एवं समूहगत रूपमा अघि बढ्दै गएमा बुद्धधर्मलाई अरू ठोस योगदान पुग्ने राय उपासकोपासिकाहरूले व्यक्त गरेको सुन्न पाइन्छ । हुनत नेपालमा बुद्धधर्मको विकास र बुद्धधर्मलाई वर्तमान अवस्थासम्म डोऱ्याउनमा अनि भिक्षु महासंघ एउटा महत्त्वपूर्ण पक्ष नै हो । तर पनि भिक्षु संघका सदस्यहरूबाट गर्न सक्ने, हुन सक्ने कुराहरूप्रति चासो देखाएनन्, देखाउन चाहिरहेका छैनन् - यस्ता प्रश्नहरू बार बार सुन्नमा नआएका पनि होइनन् । यो संघ पनि आर्थिक हिसावमा सबल छैन, पार्ने कोशिश नगरिएकै हो की ? । यस्तो जिज्ञासा राख्नेहरू पनि छन् । मलाई लाग्छ वर्तमान नेपालको अवस्था अनुसार बुद्धको संघबाद अनुरूप सांघिक रूपमा अघि वढी संघलाई नै सवल एवं सक्षम बनाउने तर्फ सबैको ध्यानाकृष्ट हुनै पनि अपरि हार्य कर्तब्य भएको छ । यसर्थमा भिक्षु संघकै आर्थिकस्तर उकास्नु पऱ्यो भनी सुझाव दिनेहरूको विचार राम्रै पक्ष मान्न सकिन्छ ।

मेघदूतज्यूले भिक्षु संघबाट प्रकाशित भइरहेको रहरलाग्दो बुलेटिनको प्रकाशन बन्द भएको कुरा उठाउनु भएको छ । यो सही कुरा हो, स्वयं म सम्पादकको हैसियतले भन्न चाहन्छु कि यस्को प्रकाशन बन्द भयो - त्यही आर्थिक कारणले होइन भने त्रैमासिक त के साप्ताहिक रूपमैं प्रकाशित गर्न म तयार छु । मेघदूतज्यूले वार्षिक भन्नु भएछ । त्यसकारण कसैबाट, कसैले वा भिक्षु संघले नै आर्थिक व्यवस्था गरी दिएमा पुन: प्रकाशन गर्नेतर्फ हात अघि बढाउन म तयार छु, परिणामत: जिज्ञासुहरूका इच्छा पनि पुरा हुने नै छ । मेघदूतज्यूले बुलेटिनको चर्चा र माग रहेको कुरा उठाउनु भएकोमा धेरै धेरै वहाँलाई साधुवाद एवं शुभकामना व्यक्त गर्दै अब म मेघदूतज्यूकै बारेमा पनि केही कुरा प्रकाश पार्न गइरहेको छु ।

भारतवर्षमा थेरवाद बुद्धधर्मको पुनरूत्थानको लगतै प्रकाशित "धर्मदूत", "धर्मोदय" र त्यस्तै विद्यमान अवस्थामा निरन्तर रूपमा प्रकाशित भइरहेको "आनन्द भूमि" र "धर्मकीर्ति" बौद्ध मासिक पत्रिकाहरूमा बेलाबेलामा देखापरिरहने एक कोही छडा व्यक्तित्व "मेघदूत" बौद्ध पाठकहरूका माझमा कुनै नौलो नाम होइन । "धर्मदूत", "धर्मोदय" देखि लिएर "धर्मकीर्ति" सम्म देखिनु हुने "मेघदूत" ज्यूले बुद्ध धर्म र सामाजिक पक्षमा देखा परेका र विद्यमान समस्यालाई व्यङ्गात्मक, आलोचनात्मक, आत्मालोचनात्मक, अनुकरणात्मक एवं प्रयोगात्मक तवर व्यावहारिक हिसावले पाठक समक्ष प्रस्तुत गर्दै आउनु भएको पक्षलाई सऱ्हांहनीय कुरा मान्न सकिन्छ ।

बौद्ध मासिक वा वार्षिक अथवा कुनैपनि उपलक्ष्यमा प्रकाशित हुने स्मारिका नै किन नहोस् त्यस्मा "मेघदूत" ज्यूका रचना छन् भने प्रथमत: त्यस्मा यस पंक्तिकारको आँखा लागी हाल्छ । कारण एकदमै स्पष्ट छ मेघदूतज्यूका रचनाहरू घोचपेच वा व्यङ्गात्मक यसर्थमा हुन्छन् कि रचनात्मक एवं सुधारात्मक तवरमा लेखिएको हुन्छन् । मेघदूतज्यूका रचनाहरूका अध्ययनबाट पक्कै पनि वहाँ एक व्यवहारवादी व्यक्तित्व हुनुपर्छ भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । त्यसैले त वहाँ व्यावहारिक विषयोपर बढी केन्द्रित भएको देखिन्छ । वहाँले जसरी व्यावहारिक पक्षलाई औंल्याउने गर्नु हुन्छ त्यसरी नै सामाजिक पक्षलाई पनि समेट्ने प्रयास गर्नु हुन्छ । मलाई जहाँसम्म लाग्छ, वहाँले विविध विषयहरूलाई छलफल मार्फत प्रकाशित गर्नुभयो-ती कुराहरूलाई अध्ययन गर्दै जाने हो भने कहिले काहिँ त यस्तो भान हुन्छ -"कतै मेघदूतज्यू अति व्यवहारवादी पो हुनुहुन्छ !?"

शायद यस कुरामा निर्विवाद होला मेघदूतज्यू आफ्नो विचारधारा आफ्ना असन्तुष्टि भाव पाठकवृन्द समक्ष पोख्न / राख्न निडर एवं अलिकति पनि हिच्किचाउनु हुन्न - यस कुरामा शतप्रतिशत ठोकुवा लगाउन सकिन्छ । तर मेघदूतज्यूले आफ्नो रचनालाई व्यावहारिक धरातलमा मात्र नउभ्याई सैद्धान्तिक तथा यथार्थतालाई समेत समेटिएर - सम्मिश्रण गरेर पाठक समक्ष प्रस्तुत गर्न सके अझ सुनमाथि सुगन्ध थपिने हुन्थ्यो कि ?!

मेघदूतज्यू समसामयिक तथा जनगुनासोका विषयहरूलाई प्रस्तुत गर्नमा खप्पिस पनि मानिनु हुन्छ । यस उसले कुनैपनि विषयलाई बाह्य धरातलमा मात्र पौडिएर होइन; परन्तु भित्री तह (अन्तस्करण) सम्म डुबुल्की मार्दै विविध पक्षीय एवं दृष्टिकोणको आधारमा मेघदूतज्यूको रचना प्रस्तुत गर्नु पर्ने जनधारणा व्याप्त रहेको कुरा मेघदूतज्यूमा जानकारी गराउन चाहन्छु ।

दशकौं अगाडि देखिन प्रकाशन क्षेत्रमा उदाउनु



Downloaded from http://www.dhamma.digital

भएका मेघदूतज्यूले आफ्ना रचना वा प्रस्तुतीलाई परिमार्जित एवं परिस्कृत पार्दै लानुपर्ने पाठकहरूका चाहना रहेको देखिन्छ । हालको धर्मकीर्तिमा प्रकाशित हुने मेघदूतज्यूको "छलफल" नितान्त श्रृजनात्मक रचना मान्न सकिन्छ ; अझ पढ्दा साहित्यिक रसपानको समेत आभाष झल्किने हुँदा अन्य रचनाहरू भन्दा पढ्दा खेरी रमाइलोपनाको महशूस पनि हुन्छ । छलफलमा उठाइने यावत विषयहरूलाई व्यावहारिक धरातलमैं सीमित रहेर प्रस्तुत गरिएतापनि ती कुराहरू नितान्त ज्ञानवर्धक रहेको कुराचाहिँ नकार्न सकिन्न । नेपालभाषा र नेपाली भाषामा लेख्नु हुने मेघदूतज्यू साधारण व्यक्तिले पनि बुझ्ने गरी अति नै सरल भाषामा लेख्नु हुन्छ र भाषा प्रयोग गर्दा वहाँले आफ्नैपनाले भाषा प्रयोग गर्नु हुन्छ कि जस्तो भान पाठक वृन्दलाई लाग्नु स्वाभाविक नै हो । यसरी नै छलफल पढ्दा कहिले शुरूवात राम्रो हुन्छ भने अन्त्य नरमाइलो र कहिले शुरूबाट पढ्दा झ्याउ लाग्छ भने रमाइलो पारामा अन्त्य गरिएको हुन्छ । त्यस्तै वीचवीचमा सिलसिला टुट्ने र अप्रासाङ्गिक कुरा जोडिएर प्रसङ्ग टुट्ने हुँदा कता कता खट्किएछौं नरमाइलोपनाको महशूस गराइदिन्छ । यथार्थत: छलफलको प्रस्तुतीलाई सजाउने तर्फ सम्पादक मण्डलको पनि ध्यान केन्द्रित हुनुपर्ने जनगुनासो रहेको कुरा अस्वाभाविक मान्न सकिन्न ।

अन्त्यमा "धर्मकीर्ति" को नियमित पाठक र "मेघदूतज्यू" को प्रिय पाठकको हैसियतले म के भन्न चाहन्छु भने- नेपाली बौद्ध प्रकाशन जगतमा स्थायित्व कायम गरी प्रतिस्थापित भैसकेको "धर्मकीर्ति" जस्तो बौद्ध मासिकमा आवरण पृष्ठमा अलि सुहाउँदो पाराको फोटो छाप्नु पर्ने देखिन्छ, मेरो भनाइको तात्पर्य छापिने फोटो प्रसङ्गवश मिलेकै हुनुपर्छ । धर्मकीर्तिमा छापिने फोटो वा चित्रहरु कुनैपनि लेखसित सम्बन्धित (सम्भव भएसम्म आवरण कथाको रूपमा, वा पत्रिका प्रकाशित हुने महिनाको पूर्णिमाकै महत्त्व राखिने फोटोहरू छापिइनु पर्ने व्यापक जनआकांक्षा (पाठकहरूको चाहना) रहेको देखिन्छ भने यसलाई पाठकहरूका उचित माग सम्झी समयमै कदम चालिएको खण्डमा "धर्मकीर्ति" को स्तर अझ उँभो लाग्ने हुन्छ र परिणामत: पाठकहरू अझ बढी खुशी हुने कुरा निर्विवाद छ । ■

***( प्रस्तुत रचना गतांकमैं प्रकाशनार्थ प्राप्त भएको थियो । समयाभावले यस अंकमा प्रकाशित गरिएको छ । यस रचनामा गतांक भनी धर्मकीर्ति वर्ष १५ अंक ६ लाई ईंगित गरिएको हो – सं. )***

# आव्हान

**✍ संघरक्षित "जेके", संघाराम**

सुन, अनि सबैलाई सुन्न देऊ
हेर, अनि सबैलाई हेर्न देऊ
बुझ, अनि सबैलाई बुझ्न देऊ
सोच, अनि सबैलाई सोच्न देऊ
बुद्धको ज्ञान सबैलाई लिन देऊ

राम्रो काम गर्न पछि नपर्नु
नराम्रो काममा पछि हट्नु
कसैको अन्याय सहेर नबस्नु
मान्यजन, गुरुवर्गहरूलाई मान गर्नु
आव्हान हाम्रो सबैले सुनिदिनु

दु:ख कसैलाई नदिनु
ज्यान त लिंदै नलिनु
कसैको सामान चोरी नगर्नु
भ्रष्टाचारबाट टाढै रहनु
आव्हान हाम्रो सबैले बुझिदिनु

कसैलाई झुक्याई मज्जा नलिनु
सकभर झूठो बोल्दै नबोल्नु
शरीरलाई हानि तथा बेहोश हुने
अम्मल चीज सेवन गर्दै नगर्नु
आव्हान हाम्रो सबैले सोचिदिनु

हेरौं, सोचौं अनि राम्ररी बुझौं
बुद्धधर्मका यी आव्हान सुनौं
सबैले व्यवहारमा आचरण गरौं
बुद्धका यी गुणहरू लिऔं
समस्त प्राणीहरूलाई खुशि तुल्याऔं

■



Downloaded from http://www.dhamma.digital

# गौतम बुद्ध र स्वतंत्र चिन्तन

✍ भिक्षु कुमार काश्यप,

महात्मा बुद्ध को हुन् ? उहाँको मानवता र विश्वको निमित्त के देन छ ? यी प्रश्नहरू हरेक सुसंस्कृत र सभ्य मानिसको मानस पटलमा उब्जिरहनु अचेलको खिचातानी र शंकाले व्याप्त संसारमा कुनै अस्वाभाविक कुरा होइन।

२५४१ वर्ष अगाडिको सामाजिक व्यवस्थामा, तिनताक जुन विभिन्न प्रकारको विषमता, असमानता र अभद्रताले ठाउँ ओगटेको थियो त्यसको विरोधमा नै वास्तवमा गौतम बुद्ध एक शान्तिवादी क्रान्तिकारीको रूपमा प्रकट हुनु भो। तसर्थ बुद्धवाद केवल अध्यात्मवाद मात्र होइन अपितु यो एक सामाजिक क्रिया पद्धति पनि हो। यस दृष्टिबाट अवलोकन गर्दा निसन्देह क्रियात्मक सदाचार नरहेमा बुद्धधर्म पनि अवस्थित रहेको सम्झनु सर्वथा बेकार छ। समाजको उचनीच, धनी गरीब, ठूलो, सानो आदि भेदभावमा मानवजातिलाई बाँडी जुन अनेकता पैदा भएको छ त्यसबाट निश्चयनै विश्वलाई कुनै लाभ भएको छैन। यसको विपरीत, भेदभावको व्यवहारले एकातिर एक थरीलाई शोषक वर्ग तुल्याएको छ भने अर्कोतिर शोषितवर्ग झन् झन् दीन हीन हुँदै गएको घटनाको निमित्त विश्वको इतिहास साक्षी छ। यस्तो बेला भगवान् बुद्धको "न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो", "जन्मैले न कोही ब्राह्मण हुन्छ न कोही चण्डाल, कार्यले नै मानिस नीच हुन्छ या ब्राह्मण।" भन्ने उपदेश कुनै हालतमा पनि विवादपूर्ण सत्य मानिन सकिदैन। यसरी धरतीमा जन्मेका मनुष्य सबै समान छन् भनी उद्घोष उहाँले गर्नु भएको थियो, जो आजको मूलभूत मानव अधिकार समेत मूलाधार बनेको छ।

भगवान बुद्धको अर्को विशेषताले पनि वर्तमान समयमा संसारको ध्यान आकर्षित गरेको छ। द्रुततर रूपमा भइरहेको वैज्ञानिक प्रगतिले विश्वको कुनै पनि कुनामा पुग्न मानिसको निम्ति असंभव छैन। पूर्वका मानिस पश्चिममा र पश्चिमका पूर्वमा ओहोर दोहोर गर्न र आपसमा विचारको आदान प्रदान गर्न पाएकोले विचारको संस्कारको व्यापकतामा नयाँ विस्तार आयो। यसै वैचारिक आदान प्रदानको कारणले बुद्धवाद पनि पश्चिमतिर विस्तृत रूपमा फैलियो। यूरोपमा अहिले ठाउँ ठाउँमा बुद्धको विषयमा चर्चा मात्र उठ्न थालेको होइन, उहाँको अर्तिलाई मानवोचित वैज्ञानिक समेत भनी यूरोपवासीले स्वीकारेका छन्। यस स्वीकारोक्तिको मूल कारण हो यस धर्मको स्वतंत्र चिन्तन गर्ने पद्धति र अन्धानुकरण प्रवृत्तिको निरोध गर्ने साहसिक वातावरण। बुद्ध कसैलाई पनि आफ्नो अन्धभक्त बनाउने चेष्टामा रहनु भएन, न त उहाँले भन्नु नै भयो "मैले भनेका सबै सत्य हुन्, अर्काको सबै असत्य"। मानिस एक विवेकशील र विचारशील प्राणी हो भन्ने कुरामा उहाँ पूर्णरूपले समर्थक हुनु हुन्थ्यो। बुद्धले कालामलाई भन्नु भएको छ- हे कालाम ! तिमीहरूले कसैको कुरा पनि चाहे बुद्धकै किन नहोस्, यस्तो भनेकोले स्वीकार नगर:-

(१) अनुस्सवेन - अनुश्रुत- यो कहिल्यै नसुनेको कुरा हो,
(२) परम्पराय - परम्परागत हो,
(३) इतिकिराय - यो यस्तै भनी राखेको छ।
(४) पिटक सम्पदानेन - हाम्रो धर्मग्रन्थसँग यो कुरा मिल्दछ,
(५) तक्क हेतु - यो तर्कानुकूल छ,
(६) नय हेतु - यो न्यायानुकूल छ,
(७) आकार परिवितक्केन - यसको आकार प्रकार ठीक छ,
(८) दिट्ठी निज्झमानक्खन्ति - यो हाम्रो विचारसँग मिल्दछ,
(९) भव्यरूपताय-यो मानिस सुन्दर छ र आकर्षक छ, र
(१०) समणो नो गरूति - उपदेशक श्रमण हाम्रा पूज्य हुन्।

"हे कालाम, जसरी सुन र चाँदी आगोमा पोली जाँचिन्छ, त्यस्तै कसैको कुरामा पनि आफ्नो स्वतंत्र मस्तिष्कले नजाँचीकन विश्वास नगर। आफ्नो मस्तिष्क रूपी तराजुमा तौलेर यो असल छ, परन्तुकालसम्म हितकर हुनेछ, जीवनोपयोगी छ, सदाकालको निम्ति योग्य तथा पालन गर्न सकिन्छ भन्ने बुझेमा मात्र स्वीकार गर"। यसको अतिरिक्त, विश्व शान्तिको निमित्त उहाँको देनलाई पनि कदापि बिर्सन सकिदैन। जबसम्म जगतमा अशिक्षा, रोग र अज्ञानताको कालो बादल मडारिरहने छ तबसम्म शान्ति कामना गर्नु आकाशको फल आँखा तरी मर भन्नु समान हुनेछ। अज्ञान र अशिक्षाका विरूद्ध संघर्ष गर्नाले नै वास्तवमा बुद्ध-धर्मको लक्षणलाई चिन्ने सामर्थ्य हुनेछ। बुद्धलाई चिन्न बुद्धि चाहिन्छ, जसलाई पालिमा पञ्ञा (प्रज्ञा) भनिन्छ। ज्ञानको चक्षु प्रत्येक नागरिकले प्राप्त गर्न सकेमा आपसी सद्भावना सहयोग र सहअस्तित्वको भावना स्वत: उद्भव हुन्छ। अर्को कुरा जसलाई बुद्धले महत्त्व दिई भन्नुभएको छ, त्यो हो "जिघच्छा परमा रोगा" अर्थात् भोक जस्तो अर्को कुनै ठूलो रोग छैन।



Downloaded from http://www.dhamma.digital

भनाइको तात्पर्य, समाजमा गरीबी र दरिद्रता रहेसम्म समाज कुनै हालतमा पनि उँभो लाग्न सक्दैन । आर्थिक स्थिति मजबूत रहनाले नै समाजबाट अपराध र भ्रष्टाचार विलय हुन सक्तछ । यसरी सामाजिक प्रगति र शान्तिका लागि समेत आर्थिक विकासको के स्थान छ सो उहाँले जुन किसिमबाट अर्थ्याउनु भएको छ त्यो मननीय छ । अनि आज आएर हामी के पाउँछौं कि सयौं वर्ष पहिले उहाँले व्यक्तगर्नु भएको विचार अझ पनि सत्य छ, स्वच्छ छ, स्वीकार्य छ ।

"आरोग्य परमा लाभा" अथवा स्वस्थ भई राख्नु एउटा ठूलो लाभ हो भन्नु हुँदै गौतम बद्धले एक पल्ट भन्नु भएको थियो "यो गिलानं उपट्ठाति सो म उपट्ठाति" अर्थात् "कसैले रोगीको सेवा गर्दै छ भने उसले मेरो सेवा गरेको सम्झनु पर्दछ ।"

उपरोक्त सबै कुराहरू भगवान गौतम बुद्धको माहात्म्य मात्र बखान गर्ने प्रकारका होइनन्, प्रत्युत मानव हित र सेवा गर्ने भावनाको उत्प्रेरक पनि हुन् । यी सबै तथ्यहरूको सार हामी श्री ५ महाराजाधिराजबाट श्रीलंकामा बुद्ध जयन्ती उपलक्ष्यमा आयोजित आमसभामा समर्पित मानपत्रको प्रत्युत्तर भाषणमा यस प्रकार पाउँछौं ।

"आज भगवान बुद्धको निर्वाणको हजारौं वर्ष पछि पनि मानिसको रुचिपूर्ण प्रवृत्तिले गर्दा समस्त मानवलाई परित्राणको बाटो देखाउन श्री भगवान बुद्धको शान्ति सन्देशको कत्रो महत्व रहन्छ भन्नेकुरा हामी महसूस गर्छौं । **भवतु सब्ब मंगलं ।**

■

# भिक्षुणी शासन बारे मेरो विचार

✍ **भिक्षु विशुद्धानन्द "प्राणपुत्र"**

गतांकमा "अनागारिका, अनगारिका, गुरूआमा, भिक्षुणी.....?" शीर्षक दिई चसायमि क्वँदनीज्यूले पाठकहरू समक्ष "धर्मकीर्ति" को दृष्टिकोण राखीदिन अनुरोध पत्र लेखे बापत प्रधान सम्पादकज्यू तथा प्रकाशक दुबैले स्पष्टिकरण लेख्नुभएको रहेछ । यसरी भिक्षुणी शासन सम्बन्धका बारे पढिसकेपछि आफूलाई लागेको केही विचार यहाँहरू समक्ष राख्न हात अघि बढाउँदैछु ।

१) सर्वप्रथम महिलाहरूलाई प्रवजित नै नगर्नु होइन भने यदि महिलाहरूलाई प्रवजित गर्दा चीवरधारी नै बनाइनु पर्छ । गुलाफी वा सेतो (आधुनिक सुधार) पहिरण सम्भवत: विनयानुकूल छैन ।

२) यसरी भिक्षुणी बनाउँदा थेरवादी पद्धत्तिबाटै बनाउनु पर्छ । अन्यथा थेरवाद नभएको ठहर हुन्छ ।

३) यथार्थत: भिक्षुणी शासन पुन: शुरू गर्ने हो भने प्रजापति गौतमीको मातृभूमि नेपालमैं गरीनु राम्रो हुने र अझ लुम्बिनी स्थान सर्वोत्तम हुनेछ ।

४) त्रिपिटकमा उल्लेखित कुनैपनि पक्षलाई प्रचलनमा ल्याउन लाज वा डर र कन्जुस्याँइ गर्नै पर्दैन । हाल त्रिपिटकमा उल्लेख नभएका पक्षहरूलाई समेत समय सापेक्ष वा आजको युगलाई सुहाउँदो भनी सुधार र आवश्यकताको नाममा थप गरेर नयाँ नयाँ माध्यम को अनुकरण गरी सकेका छन् भने बुद्ध देशित भिक्षुणी शासन पुनर्स्थापना गर्न इज्जतका साथ प्रयोगमा ल्याउन किन वाद विवाद ?

(५) भिक्षुणी शासन सुरूगर्न त्रिपिटक अनुसार नै शासन प्रारम्भ गरीनु पर्छ । त्रिपिटक भित्र रहेका विवादास्पद विषयहरूका बारे सम-सामयिक छलफल गर्न सकिन्छ । तर त्यो ब्राह्मणवादी हो भन्दै उल्लेखित पक्षलाई उपेक्षा गरीनु हुन्न ।

(६) भिक्षुणी शासन भिक्षु शासन भन्दा बाहिर वा स्वतन्त्र शासन होइन भन्ने विषयलाई भिक्षुणीहरूले स्वीकार्नु पर्छ । र भिक्षु शासनप्रति गर्व एवं गौरवको दृष्टिकोणपूर्ण व्यवहार हुन सक्नु पर्छ ।

किनकि - हालै दिवंगत श्रद्धेय संघनायक शाक्यानन्द महास्थविरको दाहसंस्कार कार्यमा अनगारिका संघबाट भाग लिइएन । यो अति दु:ख लाग्दो अपमानजन्य घटना नै मान्नुपर्छ । यसरी अनगारिका संघ हुँदा नै भिक्षु संघको अपमान गरिन्छ भने कतै भिक्षुणी भइसकेपछि घमण्ड बढेर सगरमाथा झैं भयो भने बुद्धशासनको भविष्य के होला ?

(७) निश्कर्ष: भिक्षुणी शासन त्रिपिटकको विनयानुसार बनाउनु अत्यन्तै आवश्यक विषय भैसक्यो । त्यसका लागि प्रजापति गौतमीको जन्मभूमिले नेतृत्व गरीनु पर्छ । यसर्थमा भिक्षुणी शासन देख्नमा आउनु राम्रै पक्ष मान्न सकिन्छ ।

"होस् सद्धर्म चीरस्थायी-लोक होस् सुखी सदा"

**संघाराम**
**सकिमना पूर्णिमा**



Downloaded from http://www.dhamma.digital

✍ मेघदूत

जाडो बढेकोले छलफलमा सहभागीहरूको कमी आएको छ । मेरो अनुपस्थितिमा छलफल रोकिरहेको रहेछ । पुग्ने बित्तिकै ल, ल तपाईं नआएर नै हो, मुख्य धर्मको ज्ञाता नआई शुरू गर्नुभएन भन्दै एकजना कथिनोत्सवको प्रसंग उठाउँदै सोध्यों - "वर्षावास समाप्तीको उपलक्ष्यमा भिक्षु संघलाई अष्टपरिष्कार दान दिएको पनि देखें । होइन, यो अष्टपरिष्कार भनेको के हो ? त्यस्को महत्त्व के छ नि ?

प्रत्युरदिदै भनें - "आठ प्रकारका चीजहरूलाई अष्टपरिस्कार भनिन्छ । जसमध्ये चीवर (ओढने) संघाटी (दोसल्ला), अन्तरवासक (लुंगी), भिक्षापात्र, कायबन्धन (पेटी), पानी छान्ने कपडा (चालनी), सियो-धागो, केशकाट्ने छुरा (ब्लेड) पर्दछन् । यी आठ चीज मात्र भिक्षुहरूको व्यक्तिगत वस्तु हुन् र अरू सबै संघको अधिकारमा रहेको हुन्छ भन्छन् ।" यत्तिकैमा अर्कोले सोधीहाल्यो- "यी आठ चीज भिक्षु संघलाई दान दिएपछि कुनै जमानामा भिक्षु बन्ने इच्छाभए बुद्धद्वारा "एहि भिक्खु" अर्थात यहाँ आउ भिक्षु भन्ने बित्तिकै ऋद्धिमय ढंगबाट वस्त्र प्राप्त भई भिक्षु बन्न पाउने हुन्छ रे, यस्मा कत्तिको सत्यता छ ?" यो प्रश्न सुनी सबै एकछिन चूप नै बसे । मैले जवाफमा भन्दैगएँ, खूब ध्यानपूर्वक सुने ।

"सत्य कुरा भनुं त भिक्षुहरू नै रिसाउने हो कि ? जिज्ञासा राखी हाल्नुभो जवाफ दिनै पऱ्यो । साँच्ची नै भन्ने हो भने अष्टपरिस्कारका बारे त्रिपिटकमा उल्लेख भएको पाइदैन । बुद्धको महापरिनिर्वाण भएपछि ४०० वर्ष पछि ब्राह्मण भिक्षुहरूले लेखेको अर्थकथामा मात्र उल्लेख भएको पाइन्छ । एकचोटी महानायक अमृतानन्द महास्थविरले पनि अष्टपरिस्कारको बारे त्रिपिटकमा कतै उल्लेख नभएको कुरा बताउनु भएका थिए । चीवर दानको महत्त्व छ । यस्को धेरै चर्चा गरिएको छ । हुनत चीवरधारी भिक्षुबाट बुद्धको शिक्षा प्रचार गर्न सजिलो पर्न सक्छ । भिक्षु जीवन स्वतन्त्र हुन्छ, भिक्षु देखी मानिसमा श्रद्धा उत्पन्न हुने गर्छ । गाउँ गाउँमा जाँदा भिक्षुभेष देखी मानिसहरू प्रभावित हुने हुन्छ । पहिला पहिला राम्रो कपडाको अभाव देखिन्थ्यो । भिक्षुहरूले मसानमा फ्याँकिएको नराम्रो कपडा प्रयोग गर्थे । त्यस्तो प्रयोगलाई पंसुकूल चीवर भनिन्छ । चीवर दान दिनेहरू त्यत्ति थिएन । त्यसैले चीवर दानको महत्त्वको उल्लेख भएको छ ।"

जवाफ लम्ब्याउँदै भनें- "त्यतिबेला अष्टपरिष्कार भिक्षुहरूलाई धेरै उपयोगी हुन्थ्यो । लाउने वस्त्र च्याट्यो वा फाट्यो भने भिक्षु आफैले सियो-धागो प्रयोग गर्नुपर्छ । भिक्षुहरूलाई केश लामो हुँदा नराम्रो देखिने हुँदा रौं काट्न छुरा राखिएको हुन्छ । रोगबाट बच्न कपडा (चाल्नी) ले पानी छानेर पिउने बुद्धले बनाउनु भएको नियम राम्रो छ । भिक्षापात्र भए जीविका निर्वाह गर्न सजिलो हुन्छ । अरूको भरमा वस्नु पर्ने हुँदैन । किनकि पात्र लिएर हिँड्दा आहार प्राप्त हुने हुन्छ । भिक्षु जीवन अपनाउनेहरू भएमा धर्म प्रचार हुन्छ । त्यसैले नै अष्टपरिष्कार दान दिंदा ठूलो पुण्य लाग्छ भनी महत्त्व दर्शाइएको मात्र हो । तर पछि गएर भिक्षु हुन चाहँदा एहि भिक्षु भन्ने बित्तिकै भिक्षुत्व प्राप्त हुन्छ भन्ने ब्राह्मणवाद अथवा पुरोहित कथा होला । यस्तो कथा अवैज्ञानिक हुन् र यो विज्ञानको युगलाई नसुहाउने कुरा हुन् ।"

जवाफ दिदै थिएं एकजनाले बीचमैं कुरा काटी आफू बनेपाली भएको र हालै प्रकाशित "धर्मकीर्ति" १५/७ अंक पढेको कुरा स्मरण गर्दै भने दिवंगत संघनायक शाक्यानन्द महास्थविरको निधन र दाह संस्कार सम्वन्धी विस्तृत जानकारी पाएँ । ठूलो पदमा आसीन भन्तेको निधनमा भिक्षुहरूको कम उपस्थिति र वर्तमान अनगारिका संघबाट उपस्थिति नै नदेखाएको अपशोचको कुरा हो । अँ । अनि धर्मकीर्तिमा यसपाली देखि अनगारिका नभनी भिक्षुणी शब्द नै लेखिएको पाएँ । कोस हटाएर भिक्षुणी धम्मवती नै लेखिएको छ । यसबारे खूब चर्चा परिचर्चा भइरहेको छ । वल्ल ठीक ठाउँमा आयो । कतिपय बीचमा यसबारे गुनगुन भइरहेका पनि सुनें । साँच्चै अनगारिका शब्द को अर्थ नेपालीहरूले नै बुझेका छैनन् । भिक्षुणीको विकल्पमा प्रयोग हुने शब्द भनी मात्र थाहा छ । धर्मकीर्ति हेर्दा



Downloaded from http://www.dhamma.digital

भिक्षुहरूनै अनगारिकाको बदला भिक्षुणी बनाउन नचाहेको कुरा पनि थाहा पाएँ। यो कुरा सुनेर अचम्म लाग्यो। अनगारिका र गुरूआमा भन्दा भिक्षुणी भन्नु नै राम्रो रहेछ। बुद्धधर्म मानववाद र समानतावाद भनिएको त व्यवहारमा त्यस्तो देखिँदैन।"

अर्को एकजना जुरूक्क उठी भन्यो - "यो धर्मकीर्तिको क्रान्तिकारी कदम हो। सधैं उही "फसिक्वा" त्यही त्यही परम्परागत कुरालाई दोहऱ्याउनु भन्दा दिमाग खेलाउनु पर्ने कुरा प्रकाशित हुनु राम्रो हो। यस्ले अन्तक्रिया हुन्छ, तर्क-वितर्क पनि हुन्छ फलत: नयाँ नयाँ धेरै कुराहरू सिक्न सकीने हुन्छ। बुद्धि विकास हुन्छ। छलफल त यस्तो हुनु पर्छ नि साथीहरू।"

बीचमै अर्कोले भन्न सुरू गऱ्यो - "हिंसाले प्रेरित रगत बगाउनेलाई मात्र क्रान्ति भनिदैन। नयाँ विचार अधिसारी पुरानो परम्परागत कुरीति र प्रथालाई हटाउनु नै क्रान्ति हो। बुद्धले पनि "नजच्चा वसलो होति, नजच्चा होति ब्राह्मणो। कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो" अर्थात जन्मले कोही पनि ब्राह्मण हुँदैन र नीच पनि हुँदैन, कर्मले नै ब्राह्मण र नीच हुन्छ।" यो बुद्धको नयाँ विचारले तत्कालीन समाजमा भुईचालो गएको थियो, ठूलो सामाजिक क्रान्ति भई समाज सुधारको बाटो श्रृजना भएको कुरा स्मरणीय छ। धर्मकीर्तिले पनि नयाँ क्रान्तिको पथ बुलन्द गरिदियो।"

छलफलमा उठेका कुराहरू सबै खुशी मुद्रामैं देखिन्थे। समयलाई ध्यानमा राखी अर्को पल्ट नयाँ विषयमा छलफल गर्ने भनी सबैले आ-आफ्नो बाटो तताए।

■

# धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं - ३

✍ प्रेमहिरा तुलाधर

थुगु च्वसु कथहं पिदना च्वंगु "धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं" धैगु च्वसुया स्वंगूगु ब्व ख:। थुगु ब्व स्वया न्ह्योया ब्व "धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं - ३" धैगु च्वसु धर्मकीर्ति पत्रिकाया बर्ष १५ ल्या: ३ स पिदंगु ख:। थुगु च्वसुइ धर्मकीर्ति पत्रिकाया वर्ष ३ ल्या: ३ स पिलूव:पिं मिसा च्वमिपिनि

३. भिक्षु अश्वघोष (सं) - धर्मकीर्ति ३:३ ने. सं.१०९४ बु. सं. २५१८, वि. सं. २०३१ धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, श्रीघ, नघ: टोल, काठमाडौं।

धर्मकीर्ति दँ - पौया ल्या: ३ व बर्ष ३ स क्वय् न्ह्यथनापिं मिसा च्वमिपिं व वयक:पिनि च्वसु दुथ्यागु दु।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | शाक्य, कमला | - | मैत्री | - | पौ ३-४ |
| २. | तुलाधर, लोचनतारा | - | सिद्धार्थ गौतम | - | पौ ५ |
| ३. | शाक्य, अमीर कुमारी | - | माँग, मार्ग प्रदर्शक बुद्ध, स्वकू टुक्का | - | पौ ८ |
| ४. | स्थापित, मीना | - | स्मृति | - | पौ १२-१३ |
| ५. | बर्मायाम्ह मागुणवती | - | सुख योसां दु:ख जक जुया च्वन | - | पौ १४-१६ |
| ६. | रंजितकार, तिमिला | - | जि योगु पस: | - | पौ १७-१८ |
| ७. | ताम्राकार, प्रेमहिरा | - | सुजाताया द्यो भक्ति | - | पौ १९-२० |
| ८. | कंसाकार, मिला | - | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी | - | पौ २२-२३ |
| ९. | तण्डुकार, मञ्जु देवी | - | आरोग्य | - | पौ २४ |
| १०. | ताम्राकार, सुमित्रा | - | बुद्ध व मार | - | पौ २५-२६ |
| ११. | शासन ध्वज धर्माचार्य, धम्मवती | - | सम्मा दिदि्ठ(सम्यक दृष्टि) | - | पौ २७-२९ |

थुकथं धर्मकीर्ति दँ-पौया स्वंगूगु ल्याखय् जम्मा नीछम्ह च्वमिपिनि च्वसां पिदंगु २५ पू विभिन्न च्वसु व कविता दुथ्यागु दु। उकी मध्ये मुक्कं भिंछम्ह मिसा च्वमिपिनि च्वसु व कविता याना भिंस्वपु दुथ्यागु दु।

थुगु पत्रिकाया दकले न्हापाया च्वसु मयुजु कमला शाक्यया "मैत्री" ख:। वयकलं थ्व च्वसुइ थौंया संसारय् विश्व शान्ति स्थापना याना भीगु जीवन सफल यायत सकस्यां मैत्री भावनाया अभ्यास याना करपिनिगु निन्दा चर्चा मयासे थ:पिनिगु दोष थमं खंकेमा धैगु खँ कनादीगु



Downloaded from http://www.dhamma.digital

दु । अथेहे मेम्ह मिसा च्वमि लोचनतारा तुलाधरजुं "सिद्धार्थ गौतम" धैगु थ:गु च्वसुइ सारांश सिद्धार्थ कुमारया जीवनी वर्णन याना दिसे सिद्धार्थ कुमारं आर्य अष्टांङ्गिक मार्ग ल्वीका बुद्ध जुया विज्यागु खँ तक न्ह्यथना दीगु दु ।

थुकथं हे थुगु पत्रिकाय् मय्जु अमीर कुमारी शाक्यजुं "माँग", "मार्ग प्रदर्शक बुद्ध" व "स्वकू टुक्का" धैगु स्वपु कविता न्ह्यब्वया दिल । वयकलं माँग धैगु कविताय् बुद्धया मू सिद्धान्त हे नेपा: देया त:धंगु माँग ख: धैदीगु दु । अथेहे मार्ग प्रदर्शक बुद्ध धैगु कविताय् बुद्धं भ्हीत लँ जक क्यना विज्याइगु ख:, सुयागुं जिम्मा कया विज्याइ मखु, वसपोल मार्ग प्रदर्शक जक ख: धैगु खँ न्ह्यथनादीगु दु । अले "स्वकू टुक्का" धैगु कविताय् भ्हीसं सुयातं नुगलय् स्याक्क छ्या:गु वचन ल्हाय्मज्यू सकसितं कुशल ब्यवहार याय्मा: धैगु खँ न्ह्यथना दीगु दु ।

मेम्ह मिसा च्वमि मीना स्थापित जुं "स्मृति" धैगु थ:गु च्वसुइ बौद्ध साहित्यय् स्मृतिया अर्थ न्ह्याथासं होस तया च्वनेगु ख: धयादिसें स्मृति वा होस बल्लाका ज्या या:म्ह व्यक्तिं न्ह्याथासं न्ह्यावलें सफलता प्राप्त याय् फै धैगु खँ कनादिल । नापं स्मृति बल्लकित भ्हीके थुकिया अभ्यास मा: सत्संगत बाँलायमा: अले चिन्तन शक्तिमा: धैगु खँ नं न्ह्यथना दिल ।

अथेहे "सुख योसा नं दु:ख जक जुया च्वन" धैगु च्वसुइ बर्मायाम्ह मागुणवती गुरूमां नं थ्व संसारय् सकस्यां सुख जक यो दु:ख मयो भ्ही मांया प्वाथं पिहाँ वसांनिसें हे दु:खमय् जीवन ज्वना वय् धुन तर भ्ही मनूत गबलें सीम्वा:पिंथें जि जिगु धका हाला च्वना धका मनूतय् स्वभावयात उला बिज्यासे धात्थें धाय्माल धा:सा धात्थेंया सुख गनं मदु न्ह्याथासं नं दु:ख जक दु, संसार हे दु:खया खानी ख: धका भ्ही सकसितं ध्वाथुइक कना बिज्यागु दु ।

थथेहे मय्जु तिमिला रंजितकारजुं "जि योगु पस:" धका धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीयात थ: योगु स्वच्छगु, भिन्द्यो मखु मन याउँकीम्ह बुद्धया मूर्ति तयात:गु पस:या परिचय वियादिसे अन बौद्ध शिक्षा अन्ध विश्वासयात त्वतेगु, करपिनिगु निन्दा चर्चा मयाय्गु कर्तव्य पालन याय्गु, सफा सुघर जुया च्वनेगु नं धर्म ख: धैगु गुरूमांनं कना विज्यागु खँ न्यना लय्लय् ताता छेंय् लिहां वयागु खँ भ्हीत यइपुसे च्वंगु भाषं कनादीगु दु ।

मेम्ह मिसा च्वमि मय्जु प्रेमहिरा ताम्राकारजुं "सुजाताया द्यो भक्ति धैगु च्वसुइ सुजाता छम्ह परम्परागत द्यो भक्तिइ विश्वास याना थ:म्हं भक्तियानाथें द्यो प्रकट जुल धका प्रसन्न जुया सिद्धार्थ कुमारयात क्षीर भोजन दान याइ । व क्षीर भोजन भपा बिज्याना सिद्धार्थ कुमारं नं बुद्धत्व प्राप्त या:गु खँ न्ह्यथना दिसें छन्हु द्यो धका भा:पा च्वंम्ह भगवान बुद्धया उपदेश न्यना बुद्धया शरणय् वना: बुद्ध द्यो मखु मनू ख: धका नं थुइका काल । अले द्यो भक्ति मन कपटि विचार मदय्का छोत धैगु खँ नं कना दिल । नापं थौं नं भ्ही सकस्यां थ:गु जीवन सफल यायत अन्ध विश्वासयात वांछोया नुग: चकंका न्ह्या:वने मा:गु सल्लाह वियादीगु दु ।

"धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" धैगु शिर्षकया च्वसुइ मय्जु मिला कंसाकारजुं न्हापा ला थ:म्हं विहार धैगु हे मस्यूम्हेस्यां बुलुंबुलुं बाज्यायाके खँ न्यंन्यं विहारय् बुद्धपूजा न्ह्याकीगु, सुथय आख: ब्वंकीगु व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीइ बौद्ध धर्मया शिक्षाया ज्ञान कयागु खँ न्ह्यथना दिल । अले थुगु अध्ययन गोष्ठी पाखें विइगु बौद्ध शिक्षा विशेष भ्ही मिस्तय् लागि तसकं व्यवहारिक, ज्याख्यले दुगु खँ नं कनादिल ।

थुकथं हे मेम्ह मय्जु मञ्जुदेवी तण्डुकारजुं थ:गु "आरोग्य" धैगु च्वसुइ संसारया यक्कों मूवंगु वस्तुत मध्ये दकले मूवंगु आरोग्य जुया च्वनेगु वा स्वास्थ्य लाभ ख: धयादिसे स्वास्थ्य लाभ याय्त शारिरीक व मानसिक शुद्ध जुया च्वनेमा:, सन्तोषि जुइमा चिंत्तां मुक्त जुइमा: सफा सुघर जुइमा: धैगु खँ नं न्ह्यथना दिल । नापँ छुं जुया ल्वय् जूसा ल्वगी सेवा याइम्ह मैत्री चित्त दुम्ह, घमचाइम्ह, नयज्यूमज्यू स्यूम्ह जुइमा: अले जक धात्थें स्वास्थ्य लाभ याय् फै धैगु थ:गु विचा: नं प्वंकादिल ।

थुकथं हे थुगु पत्रिकाय् मय्जु सुमित्रा ताम्राकारया "बुद्ध व मार" धैगु च्वसुइ वय्कलं बुद्ध जीवनी ब्वना यंकेबले सिद्धार्थ कुमारयात नं भ्हीतथें मार व: अयसां वसपोल मार नापं ल्वाना संघर्षशील जुया बुद्धत्व प्राप्त याना विज्यागु खँ न्ह्यथना दिसें भ्हीसं नं थ:गु जीवनया गुगु नं ज्याय् असफल जुल धका निराश मजुसें व:गु समस्या नाप संघर्ष याना वंसा भ्हीसं अवश्य नं सफलता प्राप्त याय् फै धैगु थ:गु विचा: ब्यक्त याना दीगु दु ।

धर्मकीति पत्रिकाया थुगु ल्याखय् ला:म्ह दकले लिपाम्ह मिसा च्वमि शासन ध्वज धर्माचार्य धम्मवती गुरुमाया "सम्मादिट्ठि" धैगु च्वसुइ वसपोलं शब्दार्थ कथं सम्मादिट्ठिया अर्थ मद्बंक खंकेगु ख: धका धया विज्यासे आर्य अष्टाङ्गीक मार्गया मुख्यगु अंग मद्बंक थ्वीका काय्गु अर्थात सम्यक दृष्टि ख: थ्व सम्यक दृष्टि थुल धायवं तिनि बुद्ध वचन थूम्ह व बुद्धयात म्हस्यूम्ह ज्वी, लँ मद्बंक ज्वी धैगु खं कनादिल । नापं वसपोलं सारांशं सम्यक दृष्टि दुम्ह सिके दूरदर्शि ज्ञान दइ, शंका दइमखु, न्ह्यागु जूसां थ्व गथे छाय् जुल धैगु कारण थुइका काय्गु ज्ञान दइ अले नह्याथाय् नं पाय्छि ज्वीक मनं खना ज्या याय् सइ धैगु ज्ञान ध्वाथुइक कना विज्यागु दु ।

थुकथं धर्मकीर्ति पत्रिकाया बर्ष ३ ल्या: ३ स पिलुव:पिं फुक्क च्वमिपिं मध्यय् बच्छिं मयाक मिसा च्वमिपिं खनेद: व:गु दु । ■



Downloaded from http://www.dhamma.digital

### वीर्य पारमिता

२०५४ कार्तिक २ गते, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा भिक्षु अश्वघोष महास्थवीरद्वारा दश पारमिताको बारेमा क्लास लिने क्रममा उक्त दिन वीर्य पारमिताको बारेमा प्रवचन दिनुभयो ।

प्रवचन दिने क्रममा दश पारमिता सबै नै आवश्यक छ, तीमध्ये पनि प्रज्ञा पारमिता र वीर्य पारमिता अति मूल्यवान गुणधर्म र अत्यावश्यक अंग जस्तो नै हो भन्नु हुँदै जति नै त्याग र बुद्धि भए पनि ठिक उत्साह भएन भने मनले सोचेको कार्य सफल हुँदैन भन्नु भयो । वीर्य पनि तीन प्रकारको हुन्छ ।

(१) **आरम्भ बीर्य** - कार्य शुरू गर्नु भन्दा अगाडिको उत्साह । (२) **निक्कम धातु विरिय** - गरिरहेको कार्यमा निरन्तर रूपमा हुने उत्साह (३) **परक्कम विरिय** - जस्तो सुकै बाधा आए पनि ।

उत्साह पनि सही कार्य, समय, ठाउँमा गर्नु पर्छ भन्नु हुँदै दुःखबाट मुक्त हुनका लागि आवश्यक चार वीर्यहरू पनि भन्नुभयो ।

१. उत्पन्न नभएको पाप चेतना उत्पन्न नै नगर्ने उत्साह
२. उत्पन्न भइसकेको नचाहिने कल्पनालाई डबाएर राख्ने उत्साह
३. उत्पन्न हुन बाँकी राम्रो कल्पना उत्पन्न गर्ने उत्साह
४. उत्पन्न भैसकेको राम्रो कार्यलाई अझ उन्नति गर्दै लैजाने उत्साह ।

### ग्वोलाहरूका लागि एकदिने शिविर

काठमाडौं,२३ कार्तिक- युवा बौद्ध समूहको आयोजनामा संघाराम विहार ढल्कोमा समूहकै अध्यक्ष चिनीकाजी ताम्राकारको अध्यक्षतामा एक समारोहको आयोजना गरी ४१ जवान ग्वोलाहरूलाई एकदिने शिविरमा बौद्ध प्रशिक्षण दिइयो ।

उक्त समारोह उद्घाटन गर्नुहुँदै २७ वडाका भू.पू. वडाध्यक्ष तथा काठमाडौं महानगरपालिकाका सल्लाहकार धर्मरत्न तुलाधरले ग्वोलाहरू पनि बौद्ध नै हुन् र बुद्धधर्मको अध्ययनले ग्वोलाहरूको सामाजिक विकासमा सघाउ पुग्ने छ भन्नुभयो ।

स्वागत भाषणको क्रममा युवा बौद्ध समूहका सदस्य त्रिरत्न तुलाधरबाट ग्वोला समुदायहरूमा आत्मविश्वासको विकास गर्नु अत्यन्त आवश्यक भैसकेको र त्यसको लागि बुद्ध शिक्षा अपरिहार्य भएको कुरा व्यक्त गर्नुभयो ।

समूहका सचिव त्रिरत्न मानन्धरले बुद्ध धर्म मानव मात्रको साझा धर्म र बहुजन हितकारी धर्म भएकोले सबै समुदायमा धर्म प्रचार हुनुपर्ने कुरा व्यक्त गर्नुभयो । लेखक गंगालाल तुलाधरले ग्वोलाहरूको इतिहास र संस्कृतिको बारेमा चर्चा गर्नुभयो । कार्यक्रम संचालन तेजनारायण मानन्धरले गर्नुभएको थियो ।

प्रशिक्षण दिँदै भिक्षु सुदर्शन महास्थविरले बुद्धजीवनीलाई संक्षिप्तमा प्रस्तुत गर्नु हुँदै बुद्धको व्यक्तित्वको माथि प्रकाश पार्नुभयो ।

भिक्षु अश्वघोष महास्थविरले धर्मको बारेमा व्याख्या गर्नुहुँदै-पूजापाठ मात्र गर्नु वास्तविक धर्म नभै परस्परबाट गरिनु पर्ने कर्तव्य पालनले नै सामाजिक सुव्यवस्थाको वातावरण श्रृजना हुने हुन्छ भन्नुभयो । प्रा.सुवर्ण शाक्यले संघको महिमा बताउनु हुँदै संघीय जीवन पद्धति आज पनि उत्तिकै महत्व रहेको कुरा बताउनु भयो । यसरी नै ज्ञानुराजा वज्राचार्यले ध्यान भावना को जानकारीको रूपमा प्रशिक्षण दिनु भएको समाचार छ ।

### श्रद्धाञ्जली सभा संपन्न

२०५४ कार्तिक २० गते दिवंगत संघनायक भिक्षु शाक्यानन्द महास्थविर को पुण्यस्मृतिमा बुद्ध विहार होलङ्दी तानसेनमा करूणा बौद्ध संघद्वारा आयोजित "धार्मिक एवं श्रद्धाञ्जली सभा" कार्यक्रममा सामूहिक बुद्ध पूजा एवं शील प्रार्थना गर्नुको साथै संपूर्ण उपासक उपासिकाहरूबाट श्रद्धाञ्जली पुष्प चढाइएका थिए । उक्त सभाको सभापति छत्रराज शाक्यले भिक्षु शाक्यानन्दको जीवनी र योगदान बारे चर्चा गर्नुभयो । साथै प्रस्तुत शोक प्रस्तावमा "संघनायकज्यू तानसेनमा ५४ वर्ष वस्नु भई नेपालको पहाड कन्दरा पद यात्रा गर्नु भई बुद्धधर्मको प्रचार प्रसार कार्यमा महत्वपूर्ण योगदान दिनु भएको छ । करूणा बौद्ध संघको धम्मानुशासक एवं



Downloaded from http://www.dhamma.digital

संरक्षकको रूपमा संघको विकास र बुद्ध धर्म प्रचार प्रसार गर्नमा महत्वपूर्ण योगदान दिनु भएको" आदि चर्चा गरिनुको साथै, दिवंगत महास्थविरज्यू प्रति श्रद्धाञ्जली व्यक्त गरेको छ ।

अध्यक्ष शाक्यले आनन्द विहारमा "भिक्षु शाक्यानन्द स्मृति कक्ष (संग्राहालय) स्थापना गरिने छ र सो विहारमा ज्ञानमाला संघको सक्रियतामा भन्तेज्यूको पूर्ण कदको प्रतिमा स्थापना गर्न सकेमा राम्रो हुने कुरा बताउनु भयो । ज्ञानमाला संघका अध्यक्ष विश्वमान वज्राचार्य र चूडाकर्म संघका सचिव दशरथ मुनि शाक्यले भन्तेज्यू प्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए । पुण्यस्मृतिमा एक मिनेट मौन धारण र पुण्यानुमोदन गरिएको थियो । अन्त्यमा मिठाई वितरण गरिएको थियो । सभामा स्वागत नगेन्द्र शेखर वज्राचार्यबाट र कार्यक्रम संचालन मदनलाल वज्राचार्यबाट भएको थियो ।

**भिक्षु अमृतानन्द स्मृति दिवस संपन्न**

करूणा बौद्ध संघको आयोजनामा तानसेन होलाङ्गदी अवस्थित बुद्ध विहारमा गत भाद्र ५ गते "स्व.भिक्षु अमृतानन्द स्मृति दिवस" सभा संघका अध्यक्ष छत्रराज शाक्यको सभापतित्वमा संपन्न भयो । उक्त सभामा स्व.भिक्षु अमृतानन्द महास्थविरको फोटोमा पुष्पाञ्जलिको साथै दिवंगत भिक्षुको गुणानुस्मरण गर्दै पुण्य-स्मृतिमा एक मिनट मौन धारण गरिएको थियो । अध्यक्ष छत्रराज शाक्यले स्व. भिक्षु अमृतानन्दको जीवनी र योगदान बारे चर्चा गर्नु हुँदै भन्नुभयो वहाँ तानसेन पाल्पामा जन्मनु भएको नेपालकै एक सपूत र अन्तर्राष्ट्रिय बौद्ध जगतको प्रमुख व्यक्तित्व जसले विश्वमै बुद्ध धर्म प्रचार प्रसार गरि समाजमा शान्ति स्थापना गर्ने काममा महत्वपूर्ण योगदान दिनु भयो । बुद्ध विहारको प्रारम्भिक निर्माण कालमा स्वयं ४ महिना तानसेन बस्नु भई विहार निर्माणको थालनी गर्नु भएको थियो ।

तानसेन नगरपालिकाका मेयर अशोक शाहीले स्व. भिक्षु अमृतानन्द तानसेन नगरीको मात्र सपूत नभई नेपालकै राष्ट्रभूषण, अलंकारको रूपमा प्रख्यात हुनु भएको छ । बुद्ध धर्मलाई विश्वव्यापी रूपमा प्रचार गर्ने कार्यमा महत्वपूर्ण योगदान दिनु भएको छ । भनी श्रद्धाञ्जली व्यक्त गर्नुभयो । करूणा बौद्ध संघले छोटो अवधिमानै बुद्ध धर्म प्रचार र बुद्ध विहारको मरम्मत, विकास र संरक्षणमा गरेको प्रगतिको प्रशंसा गर्दै शुभकामना व्यक्त गर्नुभयो । मन्तव्य एवं श्रद्धाञ्जली व्यक्त गर्नेहरूमा जगत वहादुर जोशी, ज्ञानमाला संघको पूर्व अध्यक्ष नगेन्द्र शेखर वज्राचार्य, ज्ञानमाला सभाका अध्यक्ष कृष्ण प्रसाद शाक्य, बौद्ध महिला समितिका अध्यक्ष सुश्री सुमना शाक्यले भिक्षु अमृतानन्दको योगदानको चर्चा गर्नुहुँदै श्रद्धाञ्जली व्यक्त गरेका थिए । बाबुकाजी शाक्यबाट स्वागत भाषण र कार्यक्रम संचालन मदनलाल वज्राचार्यबाट भएको थियो ।

**वार्षिक उत्सव र साधारण सभा**

युवा बौद्ध संघ पोखराको दोस्रो वार्षिकोत्सव तथा साधारण सभा भाद्र २१ गते धर्मशीला बुद्ध विहारमा सम्पन्न भयो । शील प्राथनाले शुरू भएको सो सभामा संघका उपाध्यक्ष प्रकाश उदासले स्वागत भाषण गर्नु भएको थियो भने संघका सचिव विक्रम बुद्धाचार्यले २०५३ भाद्र देखि ०५४ भाद्र २० गते सम्म संघको गतिविधिको प्रतिवेदन सुनाउँदै गत एक बर्षको अवधिमा संघले गोष्ठी, वृक्षारोपन, हाजिरीजवाफ, बौद्ध जागरण प्रशिक्षण, रक्तदान, आँखा शिविर, कपडाको फूल र भुवादार खेलौना बनाउने तालिम, बाल बालिकाहरूलाई निःशुल्क शिक्षा, शान्ति पदयात्रा, शान्ति दीपयात्रा, सरसफाई आदि विभिन्न धार्मिक प्रवचन आदि कार्यक्रमहरू सम्पन्न गरेको जानकारी गराउनु भयो । त्यसपछि कोषाध्यक्ष सुश्री सोनी सुवालले आ.ब. ०५३/०५४ को लेखा परीक्षण प्रतिवेदन र आय-व्यय हिसाब विवरण पढेर सुनाउनु भएको थियो । त्यसपछि मन्तव्य दिनु हुँदै सहयोगी संस्थाहरूको तर्फबाट नेपाल नेत्रज्योति संघ कास्कीको अध्यक्ष अशोक पालिखेले यस्ता रचनात्मक कार्यमा अग्रसर हुने युवा बौद्ध संघलाई नेपाल नेत्रज्योति संघले पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभयो । भोला थापाले बुद्ध धर्ममाथी धेरै अतिक्रमण भइरहेको छ तर पनि यो धर्म निरन्तर अघि बढिरहेको व्यक्त गर्नुभयो । बौद्ध अर्घौ सदनका अध्यक्ष शंकर गुरुङ्गले युवा बौद्धहरूको राष्ट्रिय स्तरमा नेटवर्क हुन आवश्यक छ भन्नुभयो । त्यसै गरी पोखरा जेशीजका अध्यक्ष महेशरत्न शाक्यको शुभकामना पछि भिक्षु श्रद्धानन्दले युवाहरूमा नैतिकता र सद्चरित्र हुनु पर्ने कुरामा जोड दिनु भयो । सो अवरमा प्रमुख अतिथी तथा जि.वि.स. सभापति पुण्यप्रसादज्यूले रक्तदाताहरू,



Downloaded from http://www.dhamma.digital

सिपमूलक तालिमका प्रशिक्षक तथा प्रशिक्षार्थी आदिलाई प्रमाणपत्र तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो। रञ्जन बुद्धाचार्यले संचालन गर्नुभएको सो कार्यक्रमको अन्तमा संघका अध्यक्ष उत्तममान बुद्धाचार्यले संघद्वारा संचालित कार्यक्रममा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो।

बार्षिक उत्सवकै उपलक्ष्यमा दिउँसो वर्तमान परिप्रेक्षमा युवा बौद्धहरूको भूमिका विषयक एकदिने गोष्ठीको आयोजना गरिएको समाचार छ।

*( अनुरोधः– समाचार र लेख पठाउँदाखेरि स्पष्टसंग र एकतर्फीमा मात्र लेखेर पठाउनु होस् ✍ सम्पादक )*

### युवा बौद्ध संघद्वारा रक्तदान कार्यक्रम

युवा बौद्ध संघ पोखराले संघको दोस्रो वार्षिक उत्सवको उपलक्षमा भाद्र १४ गते शनिवार धर्मसंघ बुद्ध विहार (विन्दुवासीनी पार्क) मोहरियाटोलमा खुल्ला रक्तदान कार्यक्रम आयोजना गरेको समाचार छ। सो कार्यक्रममा ५ जना महिला र ६९ जना पुरूष गरी जम्मा ७४ जना व्यक्तिहरूले रक्तदान गरेका थिए। १५ देखि ५० बर्ष उमेर पुगेका व्यक्तिहरू सहभागी रहेको सो कार्यक्रममा रक्तदाताहरूलाई वितरण गर्न आवश्यक फलफूल तथा ग्लुकोज पो.उ.म.न.पा. वडा नं. २ बाट सहयोग स्वरूप प्राप्त भएको थियो। सोही अवसरमा वडा नं. २ का अध्यक्ष रामेश्वर मल्ल र युवा बौद्ध संघका अध्यक्ष उत्तममान बुद्धाचार्यले रक्तदाताहरू र रक्त संचार केन्द्रका स्वास्थ्यकर्मीहरूलाई प्रशंसापत्र प्रदान गर्नुभएको थियो।

### युवा बौद्ध संघद्वारा शिपमूलक तालिम

युवा बौद्ध संघ पोखराले संघको दोस्रो वार्षिक उत्सवको उपलक्षमा भाद्र १५ गते देखि धर्मशिला बुद्ध विहार नदिपुरमा महिलाहरूको शिप अभिवृद्धी गर्ने उद्देश्यले ७ दिने कपडाको कृतिम फुल र भुवादार खेलौना बनाउने तालिम शुरू गरेको छ। तालिम कार्यक्रमको प्रारम्भमा आयोजित उद्घाटन समारोहमा तालिम कार्यक्रमका संयोजक तथा युवा बौद्ध संघका कोषाध्यक्ष सोनी सुवालले उक्त तालिममा काठमाडौंबाट आउनु भएका प्रशिक्षकहरू निर्मला शाक्य, भागिरथी शाक्य र मिना शाक्यले दुई किसिमको कपडाको फुल र दुई किसिमको भुवादार खेलौना (कुकुर र पाण्डा) बनाउन सिकाउनु हुने जानकारी दिनुभयो। त्यसैगरी माच्छापुछ्रे बुद्ध विहार दायक सभाका अध्यक्ष तोयनाथ लम्सालले तालिम लिएकाहरूले यसलाई पेशागत रूपमा अंगाल्नु पर्ने बताउनु भयो प्रशिक्षकका तर्फबाट मिना शाक्यले वर्तमान बजारमा कपडाको फुल र भुवादार खेलौनाको माग बढ्दै गएकोले ठूलो संख्यामा सामान तयार गरेर बेच्न सकिने जसबाट आय आर्जनको साथै समयको पनि सही सदुपयोग हुने बताउनु भयो।

### "अनिच्चावत संखारा"

### आनन्द विहार, तानसेन, पाल्पा

### संघनायक भिक्षु शाक्यानन्द महास्थविरज्यूको निधन

नेपालका जेष्ठ संघनायक भिक्षु शाक्यानन्द महास्थविर फोक्सो कलेजो र दम सम्वन्धी रोगबाट पीडित हुनु भई मिसन अस्पतालमा उपचार गराउँदा गराउँदै ८ कार्तिक २०५४ शुक्रवारका दिन विहान ८:३० वजे उहाँको असामयिक दुःखद निधन भयो।

वि.सं. १९६७ मा भोजपुरमा जन्मनु भएका कुलधन शाक्यका सुपुत्र चक्रधन शाक्य वि.सं.१९८७ मा गृह त्याग गर्नु भई वि.सं. १९८९ मा भारतको कुशीनगरमा श्रामणेर र वि.सं.१९९२ मा म्यानमारमा उपसम्पदा भई भिक्षु हुनु भएको थियो।

बुद्ध धर्म दर्शनको ७ बर्ष सम्म म्यानमारमा अध्ययन गर्नु भई वि.सं. २००० देखि तानसेनको आनन्द विहारमा बस्नु भई नेपालको प्रायः सबैजसो जिल्लाहरूमा पदयात्रा गर्नु भई बुद्ध धर्मको प्रचार प्रसारमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ।

वि.सं.२०५३ चैत्रमा संघनायक महास्थविरले नेपालमा बुद्ध धर्मको प्रचार प्रसारमा महत्वपूर्ण योगदान दिए बापत म्यानमार सरकारले "अग्ग महा संद्धम्म जोतकधज" धार्मिक उपाधिबाट सम्मान गरेको थियो। लंकावतार सूत्र, गौतम बुद्ध र मेरो जीवन यात्रा आदि २० वटा पुस्तक पुस्तिकाहरू लेख्नु भएको छ। उहाँ बुद्ध धर्म दर्शनको प्रकाण्ड विद्वान हुनुको साथै हिन्दू धर्मका पनि ज्ञाता हुनुहुन्थ्यो। उहाँको जीवनयापन सरल र सादा थियो।

आनन्द विहार तानसेनमा उहाँको पार्थिव शरीर दर्शनार्थ ८ गते दिनभरी राखिएकोमा हजारौं श्रद्धालुहरूले अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए।



Downloaded from http://www.dhamma.digital

### धर्मोदय सभाको समवेदना

श्रद्धेय संघ नायक शाक्यानन्द महास्थविरको असामयिक निधन भएको समाचार सुनी हामी धर्मोदय परिवारका सम्पूर्ण सदस्यहरू र केन्द्रिय धर्मोदय सभाका पदाधिकारी तथा सदस्यहरू स्तव्ध भै दुःखी भएका छौं। उहाँको सहनशीलता, नैतिकता, बौद्ध जगतमा उहाँको देन चिर स्मरणीय छ। उहाँको सबै उपासक र उपासिका प्रति दया, माया, करूणा उल्लेखनीय भएको सबैमा विदितै छ। यस अवस्थामा उहाँको निधनले शुन्यता छाई रिक्त भएको सो रिक्त स्थान निकट भविष्यमा परिपूर्ति हुन नसक्ने व्यहोरा पनि हामीले महसूस गरेका छौं। अन्तमा दिवंगत हुनु भएका श्रद्धेय संघनायक भिक्षु शाक्यानन्द महास्थविरलाई चीरशान्ति तथा निर्वाण प्राप्त होस् भनी प्रार्थना गर्छौं।

| | |
|---|---|
| भवदीय, | भवदीय, |
| **(लोकदर्शन बज्राचार्य)** | **(डा.त्रिरत्नमान तुलाधर)** |
| कार्यवाहक अध्यक्ष | महा-सचिव |

### भक्तपुरमा बौद्धहरूको तथ्याङ्क संकलन

युवा बौद्ध पुचः भक्तपुरको आयोजनामा भक्तपुरका बौद्ध समुदायको पारिवारिक विवरणको तथ्याङ्क लिने काम यहि कार्तिक महिनाको पहिलो हप्ता देखि शुरू भएर मसान्तसम्ममा पहिलो चरणको कार्य समाप्त भएको कुरा जानकारीमा आएको छ। र दोस्रो चरणको कार्य मंसिरको दोस्रो हप्ता देखि शुरू हुने कुरा पनि जानकारीमा आएको छ। युवा बौद्ध पुचः भक्तपुरले भक्तपुरमा बौद्ध समुदायहरूलाई एकजुत गरि विभिन्न कार्यक्रमहरू गर्दै जाने र बुद्ध धर्मको विकास र जन चेतना वढाउँदै जाने कार्यक्रम अनुसार यस तथ्याङ्कको कार्यक्रम गरिएको हो।

### श्रद्धेय शाक्यानन्द भन्तेज्यूलाई - श्रद्धाञ्जली

✍ **छत्रराज शाक्य**, तानसेन

पूर्वी नेपालको भोजपुर शहरको टक्सार टोलमा १९६७ सालमा पिता कुलधन शाक्य र माता चिरीमाया शाक्यको कोखबाट वालक चक्रधन शाक्यको जन्म भयो। वालक चक्रधन शाक्यको वाल्यकाल भोजपुर र ललितपुरमा वितेको थियो। चक्रधन वालकदेखि नै बुद्ध मन्त्रको जप गर्ने, वज्रयोगिनीको ध्यान गर्ने, अष्टमी व्रत वस्ने र धर्म चर्चामा रूची राख्दथे। २० बर्षको युवा

## (१) सुख

✍ **भिक्षु विशुद्धानन्द**

सुखकर सन्तको संगत साथै वहांको आश्रय
अझ सुखकर हुन्छ नगर्नाले मूर्खको संगत

विजयले बैरभाव पराजयले दुःख ल्याउँछ
जय पराजय नहुने पुरुष शान्त सुखी हुन्छ
पुण्यवान सुखी हुन्छ इहलोक परलोकमा
सत्कर्म स्मरण गर्दै सुख झन् बढाउदै लान्छ

थोरै सुख त्यागेर आउँछ यदि धेरै सुख
धेरै सुखको लागि त्याग्नु जाति थोरै सुख
इन्द्रिय संयम सुख भोजन मात्राज्ञान सुख
स्मृतिपूर्ण जीवन सुख तृष्णा क्षय परम सुख

## (२) मूर्ख

लोभ क्रोध अज्ञानमा जो सदा फस्दछ
पछुतो हुने काम गर्ने लाई मूर्ख भन्दछ

कर्मफलमा अविश्वासी पापलाई मह ठान्दछ
पापको फल आउँदा मूर्ख तड्पिएर बस्दछ
अरुको कुभलो चिताउदै आफै विनासिन्छ मूर्ख
आफ्नो खुट्टामा बञ्चरोले हानी दुःख निम्त्याउँछ

मूर्ख आफू पनि जान्दैन अरुको कुरा पनि मान्दैन
तर्क शंका उपहास गरी आफ्नो हात माथि पार्दछ
मूर्खको मूर्खता देखेर जब विद्वान चुप लाग्दछ
तब मूर्खले आफूलाई सफल महान ठान्दछ

■

**"क्रोध मदय्कि अभिमानयात सम्पूर्ण मदय्कि, फुकं बन्धनं पार जुया हुँ, नाम-रूपे आसक्त मजूह्म, अरागीह्म व्यक्तियात दुःख ज्वी मखु।" - धम्मपद**



Downloaded from http://www.dhamma.digital

अवस्थामा भिक्षु महादानको सत्संगतमा लागेर, वैराग्य उत्पन्न भई, उहाँले सन्यासी जीवन बिताउन १९८७ सालमा घरबार त्याग्नु भयो । घर छोडेर गएको थाहा पाए पछि उहाँको दाजुभाई आएर अरुण नदीको किनारमा भेटाए र घर फर्काउन खोजे । युवा चक्रधनले "म घर फर्कन्न । घर फर्काउन व्यर्थ प्रयत्न नगर । राजा नै सवारी भएता पनि अव घर फर्कन्न ।" भन्नुभयो । त्यसपछि अगाडि वढ्नु हुँदै धरान, विराटनगर, जोगबानी, रक्सौल, वीरगंज आदि ठाउँ घुम्दै ज्ञानी पुरूषहरूको सत्संग गर्दै हिड्नु भयो । त्यसपछि गोर्खा, पोखराबाट पैदल यात्रा गरी तानसेन आइपुग्नु भयो । केही दिन तानसेनमा वस्नु भएपछि उहाँको काकाहरू हखा सेतुकाजी शाक्य र मोतीकाजी शाक्यसित भारतको कुशीनगर भगवान बुद्ध महापरिनिर्वाण भएको ठाउँमा जानु भई १९८९ साल चैत्र शुक्ल अष्टमीका दिन भिक्षु चन्द्रमणि महास्थविरलाई गुरू मानी बौद्ध "श्रामणेर शाक्यानन्द" बन्नुभयो । केही समय त्यहीं बुद्ध धर्मको अध्ययन गर्नु भई फेरि बुटवल तानसेन फर्कनु भई महाचैत्य विहारमा केही समय वस्नु भई भारत जानुभई, त्यहींबाट बुद्ध धर्म पाली भाषा अध्ययन गर्न वर्मा देश जानु भयो । वर्मामा नै १९९२ साल माघ कृष्णपक्ष सप्तमीको दिन भिक्षु मेघें सयादोलाई गुरु मानी उपसम्पदा भई पुरा बौद्ध भिक्षु हुनुभयो । बर्मा देशमा ७ वर्ष सम्म बुद्धधर्म र पाली भाषाको अध्ययन गर्नुको साथै वर्माको, मण्डले, सगाई, अपर बर्मा, रंगून, मोलमिन आदि ठाउँहरूको भ्रमण गरी संसारको सबैभन्दा ठूलो बौद्ध स्तूप "स्वेदगों चैत्य" को दर्शन गर्नु भई नेपाल फर्कनु भयो ।

२००० साल देखि तानसेनको आनन्द विहारमा वस्नु भई नेपालको धेरैजसो जिल्लाहरूमा पदयात्रा गरी बुद्ध धर्मको प्रचार प्रसार गर्नुभयो । राणा शासनमा पनि निडर निर्भिक भएर धर्म प्रचार गर्दा १७ जना सिपाहीहरूले उहाँलाई समाती गौंडामा थुनामा राखेको थियो । उहाँको धर्मोपदेश र प्रेरणाले नेपालमा धेरै मानिसहरू बौद्ध भिक्षु र भिक्षुणी भएका छन् । २००८ सालमा भिक्षु अमृतानन्दको साथमा उहाँ र भिक्षु सुबोधानन्द श्री ५ महाराजाधिराज त्रिभुवन सरकारका समक्ष राजदरवारमा जानु भई तानसेन र भोजपुरमा बौद्ध बालकहरूको चूडाकर्म (व्रतवन्ध) गर्ने हुकुम बक्साई पाल्पाका बौद्धहरूलाई ठूलो गुण लाउनु भएको छ ।

श्रद्धेय शाक्यानन्द भन्तेज्यू तानसेनको आनन्द विहारमा ५४ वर्ष वस्नुभयो । उहाँ ज्ञानमाला संघको संरक्षक, करूणा बौद्ध संघको संरक्षक एवं धम्मानुशासक, विपश्यना ध्यान संघका अध्यक्ष एवं अखिल नेपाल भिक्षु महासंघको सबभन्दा जेठो धम्मानुशासक संघनायक हुनुहुन्थ्यो । उहाँको जीवन सादा र सरल थियो । उहाँले निकै राम्रो र सरल तरीकाले धर्म उपदेश दिनु हुन्थ्यो । उहाँ बुद्ध धर्मको ठूलो विद्वान हुनुको साथै हिन्दू धर्मको पनि ज्ञाता हुनुहुन्थ्यो । उहाँ विपश्यना ध्यान साधक हुनुहुन्थ्यो । उहाँलाई मानसम्मान लाभ सत्कारले छुन सकेन । काठमाडौंको कीर्तिपुरमा उहाँको लागि ठूलो आधुनिक विहार वनेता पनि आफ्नो स्थल तानसेन पाल्पालाई स्नेह गरी पुरानो सानो आनन्द विहारमा नै संपूर्ण जीवन विताउनु भयो ।

गत २०५३ साल चैत्र १० गतेको दिन उहाँलाई बुद्ध धर्मको प्रचार प्रसारमा जीवनभर सेवा गरे वापत बर्मा सरकारले रंगूनमा "अग्ग महा सद्धम्म जोतकधज" भन्ने धार्मिक उपाधिले सम्मान गरेको थियो । त्यसपछि थाइलैण्डका भिक्षु संघका प्रमुख संघ राजा सोमदेय फ्रा ञाणसंवरज्यूको निमन्त्रणमा १४ दिनको थाइलैण्डको भ्रमण गर्नुभई ठूल-ठूला बौद्ध विहारहरूमा भगवान बुद्धको दर्शन गर्नुभएको थियो । उहाँको साथमा सुदर्शन भन्तेज्यू र निजी सचिवको रूपमा म उक्त यात्रामा सामेल भएका थियौं । भन्तेज्यूको भाई र निजी सचिवको रूपमा करीव ४०-४२ वर्ष देखि उहाँको नजिक रहेर धर्मउपदेश सुन्न र सेवा गर्ने अवसर पाएकोमा म गौरान्वित भएको छु ।

उहाँ निरोगी र स्वस्थ्य हुनुहुन्थ्यो । गत २९ आश्विन देखि दमको रोगले विरामी हुनुभयो र तानसेनको मिसन अस्पतालमा भर्ना भई उपचार हुँदाहुँदै गएको २०५४ कार्तिक ८ गते शुक्रवार विहान ८:२५ बजे उहाँको असामयिक दु:खद निधन भयो । भन्तेज्यूको शवलाई आनन्द विहार तानसेनमा दिनभरी दर्शनार्थ राखिएकोमा हजारौं शोकाकूल पाल्पाली र बाहिरका श्रद्धालु उपासक उपासिकाहरूले अन्तिम दर्शन गरे । ९ गते बिहान १०:३० वजे तानसेन टुंडिखेलको खुलामंचमा

Downloaded from http://www.dhamma.digital

श्रद्धाञ्जली अर्पण गरे पछि "अन्तिम सम्मान यात्रा" नगरपरिक्रमा गरी रामदीघाटमा भिक्षु संघबाट धार्मिक पाठ भएपछि बौद्ध पद्धति अनुसार अंत्यष्ठी संस्कार सम्पन्न भयो ।

श्रद्धेय भन्तेज्यूले यस अनित्य संसार त्यागी, हामीहरू सबैलाई छोडी जानुभए पनि उहाँको असल विचार, बुद्धधर्म सम्वन्धी सत्य उपदेश, उहाँको सरल एवं आदर्शमय जीवन, त्याग र तपस्या हामी पाल्पाली, नेपाली र संपूर्ण बौद्ध जगतले संधै सम्झिरहने छौं । भन्तेज्यूलाई निर्वाण प्राप्त होस भनि, उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

**"अनिच्चावत संखारा"**

दिवंगत संघनायक शाक्यानन्द महास्थविर प्रति श्रद्धाञ्जली अर्पण गर्नेहरू भिक्षु विपस्सी प्रमुख थाइल्याण्डमा अध्ययनरत विद्यार्थीहरू ।

## अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस

अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस - १ अक्टोबर को उपलक्ष्यमा बौद्ध बृद्धाश्रम, बुद्ध विहारको आयोजनामा यही २०५४ असोज १५ गते भव्य कार्यक्रमका साथ मनाइयो ।

अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस बारे परिचय दिनु हुँदै स्वास्थ्य सेवा तथा शान्ति आश्रम, शंखमूलका सदस्य श्री प्रेमलाल चित्रकारले ई.सं. १९८२ मा संयुक्त राष्ट्रसंघबाट भियनामा भएको विश्व एसेम्बलीबाट विश्वका बृद्धहरूको स्थिति, मूल्य र मान्यतालाई दृष्टिगत गरी अन्तर्राष्ट्रिय बृद्ध दिवस मान्नु पर्ने निर्णय गरिएकोले सोही अनुसार नेपालमा ढिलै भए पनि यसको महत्व र आवश्यकता ठानी यस वर्ष देखि मनाउन थालेको हो भनी जानकारी गराउनु भयो । सोही अवसरमा श्री चित्रकारले सन् १९९० मा यस कार्यको संचालन गर्न अन्तर्राष्ट्रिय स्तरमा कोष खडा गर्ने निर्णय गरियो । सन् १९९१ मा संयुक्त राष्ट्र संघबाट elderly day भनी त्यसको शैद्धान्तिक पक्षमा जोड दिइएको जानकारी गराउनु भयो ।

श्री चित्रकारले अगाडि भन्नुभयो - नेपालमा पनि सन् १९९५ मा कोपेनहेगनमा भएको शिखर सम्मेलनबाट पारित र निर्देशित बुँदाहरूमध्ये तत्कालिन प्रधानमन्त्री मनमोहन अधिकारीबाट बृद्ध भत्ता भनी मासिक रु. १००/- श्री ५ को सरकारबाट प्रदान गरिएको स्मरण गराउनु भयो ।

सो समारोहमा भिक्षु सुमंगल महास्थविरज्यूबाट नेपालमा पनि यसरी जेष्ठ नागरिक दिवस आयोजना गर्न पाउनु गौरवको कुरो हो । यस दिवसको अवसरमा केही गर्न नसकेता पनि बृद्ध-बृद्धाहरूको सेवाको लागि तत्काल हामीले केही दिन नसके पनि निजी क्षेत्रबाट एउटा बृद्धाश्रमको संचालन गर्ने अठोट लिई बनेपामा भवन बनाउने कार्य पूरा गरिसकेको जानकारी गराउनु भयो ।

भिक्षु सुमंगलबाट अगाडि भन्नुभयो- बृद्धाश्रमको भवन निर्माण कार्यमा भन्दा अब संचालनमा हामीलाई बाधा, अड्चन र अप्ठ्यारोको महसूस गर्नु परेको छ । आजसम्म जो जति सम्पर्कमा आएका छन् पशुपतिको बृद्धाश्रममा जस्तै नि:शुल्क अथवा कम शुल्क तिरी वढी सेवा र सुविधाको हक खोज्नेहरू नै छन् । बृद्धाश्रम संचालन गर्नु होटल अथवा लज खोल्नु जस्तो होइन । यहाँ त उनीहरूले त्यागी आएको पारिवारिक समाजबाट एक नयाँ समाजमा बस्नु र जीवनको उत्तरार्द्धमा समयलाई कसरी हाँसी खेली बिताउनु हो भन्ने तर्फ सोच्नु पर्ने कुरो बताउनु भयो ।

साथै जेष्ठ नागरिकको सेवा, आर्थिक, शारिरीक, मानसिक, आध्यात्मिक तथा स्वास्थ्यको साथै बृद्धाश्रमहरूको आवश्यकता माथि चर्चा गर्दै श्रीमती सावित्री थापा, संस्थापक अध्यक्ष शान्ति आश्रम, श्री सोम प्रसाद गौचन, महासचिव रापान, श्रीमती मिनर्वा मानन्धर, श्रीमती विजया प्रधान र डा. गजेन्द्र पणि प्रधानहरूबाट बोल्नु भएको थियो ।

बौद्ध बृद्धाश्रमका महासचिव श्रीमती इन्दिरा मानन्धरले बौद्ध बृद्धाश्रमको स्थिति र आवश्यकताको चर्चा गर्दै धन्यवाद ज्ञापन गर्नुभयो ।

अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस - १ अक्टुबर को अवसरमा आयोजित यस कार्यक्रमलाई श्री जनक कुमार नेवा:ले नयाँ पनमा ढाली नयाँ किसिमको वातावरणलाई श्रृजना गरी सभापति आसनको खाँचोलाई टारी स्वागत अभिवादनबाट सभा संचालन र जलपानबाट समापन गर्नु भएको थियो । ■

मुद्रक : "न्यू नेपाल प्रेस" • अफिस फोन : २२१०३२ फ्याक्स : (९७७-१) २२५४५०, प्रेस : ४२१४५०, ४१४७५३

Downloaded from http://www.dhamma.digital